- व्यक्तिगत सवारीको सट्टा ठूला र एकपटकमा धेरैजनाले प्रयोग गर्न मिल्ने सवारीसाधनको प्रयोग बढाऔं।
- डिजेल र पेट्रोलबाट चल्ने सवारीसाधनको विकल्पमा विद्युतीय सवारीसाधनको प्रयोग गरौं।
- आफूले प्रयोग गर्ने सवारीसाधनको नियमित प्रदूषण जाँच गरौं।

प्रदूषण घटाऔं, वातावरण जोगाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० पुस ०२ गते सोमवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2023 December 18 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १०८

## हरि खेतान क्याम्पसको विवाद चुलिंदै

# सामुदायिक क्याम्पसलाई निजीकरण गर्ने प्रयास –डा यादव

प्रस, वीरगंज, १ पुस/

हरि खेतान बहुमुखी क्याम्पस वीरगंजमा केही महीनादेखि विवाद शुरू भएको छ। क्याम्पस सभाले २०७९ सालमा तीन वर्षको लागि चयन गरेको क्याम्पस सञ्चालक समितिलाई अपदस्थ गरेर प्रेमप्रकाश खेतानले आफू अनुकूलको क्याम्पस सञ्चालक समिति गठन गरेको जनाएर कार्य गर्न थालेपछि क्याम्पसको विवाद चुलिएको हो।



तस्वीरः प्रतीक

खेतानले गठन गरेको क्याम्पस सञ्चालक समितिको आइतवार बसेको बैठकले क्याम्पस प्रमुख डा भगवानप्रसाद यादवसहित केही कर्मचारीहरूलाई पनि अनिवार्य अवकाश दिएपछि क्याम्पसभित्रको विवाद अहिले बाहिर आएको हो।

आज बसेको बैठकले क्याम्पस प्रमुख डा भगवानप्रसाद यादवलाई क्याम्पसको संशोधित विद्यान अनुसार ६३ वर्ष उमेर पुगेकोले अनिवार्य अवकाश दिएको र निमित्त क्याम्पस प्रमुखमा किशोर रायलाई नियुक्त गर्ने निर्णय गरेको छ। समितिको बैठकपछि आजै निमित्त क्याम्पस प्रमुख रायलाई सो आशयको पत्र बुझाइएको छ।

सञ्चालक समितिका अध्यक्ष खेतानको अध्यक्षतामा बसेको बैठकले डा यादव ६३ वर्ष पुगेको र उनीसँगै ५८ वर्ष उमेर पुगेका कर्मचारीहरूलाई क्याम्पसको संशोधित विधान अनुसार शिक्षकहरूलाई ६३ र कर्मचारीहरूलाई ५८ वर्ष उमेरमा अनिवार्य अवकाश दिने व्यवस्थाअनुरूप अवकाश दिएको उल्लेख छ। तर क्याम्पस प्रमुख डा यादव भने खेतान अध्यक्ष रहेको सञ्चालक समिति बैध नभएको बताउँछन्। उनले २०७९ सालमा क्याम्पस सभाले जोखनदास थारूको अध्यक्षतामा क्याम्पस सञ्चालक समिति गठन गरेको र सो समितिको म्याद तीन वर्षको भएको बताए। उनले अहिले प्रेमप्रकाश खेतानले सामुदायिक क्याम्पसलाई निजी बनाउने उद्देश्यले अवैध तरीकाबाट सञ्चालक समिति बनाएर जोड जबरजस्ती कार्य गर्न खोजेको आरोप लगाएका छन्। उनले हरि खेतान बहुमुखी क्याम्पस तत्कालीन अञ्चलाधीश लक्ष्यबहादुर गुरुङ, प्रजिअ गोपालमान श्रेष्ठ, स्व भुपेन्द्रलाल नेपाली, बिहारीलाल खेतानको अग्रसरतामा गुठीको साढे छ कट्ठा जग्गामा एकतले भवन निर्माण गरेर बनेको र त्यसपछिका सबै संरचना क्याम्पसको आम्दानीबाट निर्मित भएकामा अहिले खेतान परिवारले निजी सम्पत्ति बनाउन खोजिरहेको आरोप लगाएका छन्।

हरि खेतान बिहारीलाल खेतानका सुपुत्र हुन् र क्याम्पसको भवन निर्माणमा उनको सहयोग रहेकोले उनको नाममा क्याम्पसको नामकरण गरिएको र त्यसपछिका सम्पूर्ण आम्दानी क्याम्पसको भएको बताए। उनले तीन तले क्याम्पस भवनको संरचना र वीरगंज महानगरपालिका–८ पानीटङ्कीमा आठ कट्ठा जग्गा पनि खरीद भएको बताए। अहिले प्रेमकिशोर खेतानलगायतले हरि खेतानलाई आफ्नो निजी सम्पत्ति बनाउन खोजको डा यादवको आरोप छ।

# पोखरिया नगर विकास समितिको विरुद्धमा जग्गाधनीहरुद्वारा प्रदर्शन

प्रस, पोखरिया, १ पुस/

पोखरिया नगरविकास समितिको विरोधमा जग्गाधनीहरूले आइतवार प्रदर्शन गरेका छन्।



२०४० सालमा नगर विकास समितिको लागि जग्गा अधिग्रहण गर्दा १९ बिघा जग्गा मात्र अधिग्रहण भएको थियो। साढे ५७ बिघा जग्गा अधिग्रहण गर्नुपर्नेमा १९ बिघा मात्र अधिग्रहण भएको थियो र बाँकी जग्गा धनीहरूले दिन मानेका थिएनन् र विरोधमा उत्रेका थिए।

पछि २०६५ सालमा नगर विकास समिति र जग्गाधनीहरूबीच अधिग्रहणमा पर्ने जग्गामध्ये ३० प्रतिशत सडक नालाको लागि सम्बन्धित जग्गाधनीबाट लिने र बाँकी जमीन जग्गाधनीहरूले नै भोग गर्ने सहमति भएको थियो।

सोही सहमतिको आधारमा ४० वर्षपछि पोखरिया नगर विकास समितिले गति लिन थालेको हो। तर नक्शा बनाउँदा २० देखि ५० प्रतिशतसम्म जग्गा अधिग्रहण गरिएको र मङ्सिर २९ गते शिलान्यास भएपछि स्थानीय जग्गाधनीहरू पुनः विद्रोहमा उत्रिएका छन्। जग्गाधनीमध्येका इन्द्रदेवप्रसाद चौरसियाले सहमतिविपरीत जग्गाको नापनक्शा भएको हुँदा विरोध गरेको र सो नसच्याउन्जेलसम्म विरोध जारी रहने बताए।

पोखरिया नगर विकास समितिका निमित्त अध्यक्ष राजु गिरीलाई आज उनीहरूले ध्यानाकर्षण गराएका थिए। गिरीले नक्शामा जेजस्तो भएपनि ३० प्रतिशत मात्र जग्गा सडक र नालाको लागि लिइने बताए।

यस सम्बन्धमा सोमवार नगरप्रमुख प्रद्युम्न चौहानसमेतलाई राखेर पोखरियामा छलफल हुने भएको छ।

# सुपर इँटाका कामदारलाई नधम्क्याएको सङ्घको दाबी

प्रस, परवानीपुर, १ पुस/

बारा–पर्सा इँटा व्यवसायी सङ्घ, वीरगंजले पर्साको सुपर इँटाका कामदारमाथि मङ्सिर २६ गते मध्यरातमा भएको आक्रमण आफूहरूले नगरेको दाबी गरेको छ।

सङ्घका अध्यक्ष ओमप्रकाश यादवद्वारा हस्ताक्षरित विज्ञप्तिमा सञ्चारमाध्यममा आएको समाचारप्रति आफूहरूको ध्यानाकर्षण भएको जानकारी गराउँदै आफूहरूले पर्सागढी–७ चैनपुरमा सञ्चालित सुपर इँटाका कामदारहरूलाई अपहरण, कुटपिट तथा धम्क्याउने काम नगरेको स्पष्ट पारेको बताए। अध्यक्ष यादवले सङ्घको निर्णयविपरीत चाँडै चिम्नी सञ्चालन गर्न खोज्ने सुपर इँटा उद्योगका सञ्चालक सरोजकुमार यादवसँग छलफल मात्र भएको बताउँदै त्यहाँका कामदारमाथि कुटपिट नभएको बताए।

सुपर इँटा उद्योगका सञ्चालक यादवलाई सङ्घले पटकपटक इँटाभट्टा सञ्चालनमा रोक लगाए पनि नमानेको र सङ्घको निर्णयलाई अपहेलना गरेको आरोप लगाइएको छ।

सङ्घका सहकोषाध्यक्षसमेत रहेका यादवले आफैंले बनाएको नियम आफैं पालना नगर्दा समस्या उत्पन्न भएको उनले बताए।

सङ्घले माघ २५ गतेदेखि बारा–पर्सामा चिम्नी फायरिङ गर्ने निर्णय भएकोमा सुपर इँटाका सञ्चालकले उत्पादन भइरहेको काँचो इँटालाई जोगाउन चाँडै चिमनी फायरिङ गरेको बताए।

चिम्नी फायरिङ गरेको केही दिनपछि उक्त चिम्नीका सातजना मिस्त्री तथा कामदारलाई फोन र प्रत्यक्षरूपमा धम्क्याएर भारत भगाइएको समाचार प्रकाशमा आएपछि सङ्घ तातिएको हो।

सुपर इँटा उद्योगका सञ्चालकले यस विषयमा स्थानीय पाँचजना इँटा उद्योग सञ्चालकलाई विपक्षी बनाएर जिल्ला प्रशासन कार्यालय, पर्सा र प्रहरीमा उजूरी गरेको विषयमा पनि विज्ञप्तिमार्फत दुःख व्यक्त गरिएको छ।

सुपर इँटाले सङ्घका सदस्य सोना इँटा उद्योगका सञ्चालक ओमप्रकाश यादव, शिवम् इँटा उद्योग फूलवरियाका सञ्चालक जीतेन्द्र मिश्र, प्रीति इँटा उद्योग डोकैलाका सञ्चालक सुरेन्द्र ठाकुर, अनमोल इँटा उद्योग, डोकैलाका सञ्चालक बृजमोहन साह रौनियार र एभिएस इँटा उद्योग, चैनपुरका सञ्चालक रोहित यादवलाई विपक्षी बनाइ उजूरी दिए तापनि आफूहरू संवादमार्फत समस्या समाधानको लागि तयार रहेको सङ्घका अध्यक्ष यादवले आग्रह गरेका छन्।

# पक्राउ परेका छजना रिहा


तस्वीरः प्रतीक

प्रस, परवानीपुर, १ पुस/

वीरगंज महानगरपालिका–२१ परवानीपुरस्थित प्रहरी चौकी परवानीपुरको अगाडि सुक्खा बन्दरगाह चोकमा वीरगंज महानगरले स्थापना गरेको भैंसीको प्रतिमा भत्काएको आरोपमा पक्राउ परेका छजनालाई आइतवार प्रहरीले रिहा गरेको छ।

गलती समीक्षा गरेको र एकपटकको चेतावनीपछि पर्सा प्रहरीले छजनालाई रिहा गरेको हो। वडा प्रहरी कार्यालय, श्रीपुरले कृष्ण चौधरी, पवन श्रीवास्तव, राजन महतो, सौरभ पटेल, राकेश उपाध्याय, सञ्जय साह कानूलाई हिजो भैंसीको सालिक तोडफोड गरेको कसूरमा पक्राउ गरेको थियो।

# बलात्कारको प्रयास गर्नेविरुद्ध मुद्दा दर्ता

प्रस, परवानीपुर, १ पुस/

पोखरिया नगरपालिकामा दलित महिला सरसफाइकर्मीमाथिको बलात्कार प्रयासको घटनामा मुद्दा दर्ता भएको छ।

पीडित महिला र निजका पतिले जाहेरी दिएपछि इलाका प्रहरी कार्यालय, पोखरियाले जबरजस्ती करणी उद्योगमा आइतवार मुद्दा दर्ता गरेको हो।

सरसरफाइ शाखाका कर्मचारी नाइके रामबली हजरामाथि जबरजस्ती करणी उद्योगमा मुद्दा दर्ता गरेको इप्रका, पोखरियाका प्रहरी निरीक्षक मोहनविक्रम केसीले बताए।

पीडित महिलाबाट जाहेरी प्राप्त भएलगत्तै मुद्दा दर्ता गरेर पीडक हजरालाई खोज्न टोली खटाइसकेको उनले बताए।

शुक्रवार राति ९ बजे सरसरफाइ शाखाका कर्मचारी हजराले ती महिलालाई फोन गरी कार्यालयमा कोही नभएको बेला बोलाएर बलात्कारको प्रयास गरेका थिए।

# मलेशिया पठाउने नाममा ठगी

प्रस, परवानीपुर, १ पुस/

मलेशिया वैदैशिक रोजगारमा पठाउने एकजना एजेन्ट सम्पर्कविहीन भएका छन्।

महोत्तरी, लोहारपट्टि–९ पिप्राढी बस्ने वर्ष ४० का प्रकाश यादवले राइटवे काठमाडौं म्यान पावर कम्पनीको प्रतिनिधिको रूपमा काम गर्ने बारा, कलैया–१९ पचायनपुर बस्ने वर्ष ३३ का श्याम पटेलले पैसा लिएर सम्पर्कविहीन भएको आरोप लगाएका छन्। छ महीनाअघि दुई लाख ९० हजार रुपैयाँ लिएर हालसम्म मलेशिया नपठाएको र पैसा माग्दा पनि सम्पर्कमा नआएको उनले बताए।

पटेलको खातामा दुई लाख पठाएको र लोहारपट्टि नपा–८ भगवनापुर बस्ने स्थानीय एजेन्ट भोला यादवको खातामा ९० हजार जम्मा गरेको भन्दै उनीहरू हालसम्म सम्पर्कमा नआएका बताए।

यस विषयमा एजेन्ट पटेलसँग बुझ्दा उनले पुस २० गतेभित्र पैसा फिर्ता गर्ने आश्वासन दिए। उनले फोन गरेर हैरान गरेपछि आफूले ब्ल्याकलिस्टमा नम्बर राखेको बताए। यादवको नजरमा मात्र सम्पर्कविहीन छु, बाँकीको नजरमा छैन, पटेलले भने। उनले आफूले लिएको पैसा फिर्ता गर्ने तर अरूले लिएको पैसाको जिम्मा नलिने बताए।

# सहायक हवलदारद्वारा आत्महत्या

प्रस, परवानीपुर, १ पुस/

पर्सा घर भई हाल रसुवामा कार्यरत एकजना प्रहरी सहायक हवलदारले आइतवार आफ्नै घरमा पासो लगाएर आत्महत्या गरेका छन्।

वीरगंज–२१ ताजपुर बस्ने वर्ष ३२ का प्रहरी सहायक हवलदार सुरेन्द्र रायभरले आफ्नै कोठामा बासको बलोमा पासो लगाएर आत्महत्या गरेको अवस्थामा मृत फेला परेको पर्सा प्रहरीले जनाएको छ।

पर्साका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक कुमार विक्रम थापाका अनुसार रसुवा कारागारमा सुरक्षा गार्डको पदमा दरबन्दी भई हाल जिल्ला


जिप्रका, पर्सा। तस्वीरः फाइल

प्रहरी कार्यालय, रसुवामा कार्यरत रही चार दिनको बिदामा घर आएको बेला यो घटना भएको हो। आइतवार बिहान ११:५० बजेको समयमा आत्महत्या गरेको प्रहरीलाई जानकारी आएको थियो। आत्महत्याको कारण खुल्न बाँकी रहेको र शव शल्यपरीक्षणपछि परिवारजनको जिम्मा लगाइएको थियो।

## विचारसार र सूक्तिहरू

**दुनियाँ बदल्ने प्रयास सबै गर्छन्, आफूलाई बदल्ने कोशिश कसैले गर्दैन ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : राजाप्रसाद कुर्मी (आरके)
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# पशुपालन र सम्भावना

**विश्व मानव सभ्यताको विकाससँगै पशुपक्षी मानिससँग रहँदै आएका हुन् । यिनीहरू मानव सभ्यता र विकासका सहयात्री हुन् । नेपाल शब्दको उत्पत्तिसँग पनि पशुपक्षी जोडिएर आएका छन् । श्रीकृष्णले नेपाल उपत्यकामा गाई चराएका हुन् वा नेमुनिको सन्दर्भमा आउने गाई र परेवाको कुरा हुन् । हाम्रो मुलुक नेपालमा पशु विकास तथा पशु स्वास्थ्य सेवाको औपचारिक आरम्भ भने विसं १९७८ मा कृषि अड्डा खुलेपछि भएको इतिहास छ । नेपाल कृषिप्रधान देश हो । यहाँको करीब ६३.५ प्रतिशत जनसङ्ख्या कृषि पेशामा संलग्न छ । यसर्थ नेपालले आर्थिक समृद्धि हासिल गर्न सक्ने क्षेत्र व्यावसायिक कृषि एवं पशुपक्षी पालन नै हो । मुलुकको आर्थिक विकासमा एक तिहाइ योगदान कृषिको रहेको छ । कुल कृषि क्षेत्रको योगदानमा पशुपालन क्षेत्रको योगदान एक चौथाइ छ । जसमा भैंसीपालनको योगदान कुल गार्हस्थ्य उत्पादनमा ५० प्रतिशतभन्दा बढी छ भने गाईपालन क्षेत्रको योगदान १४ प्रतिशत देखिन्छ । पशुजन्य उत्पादनमा सबैभन्दा बढी योगदान भैंसीको देखिन्छ । भैंसीपालनलाई हाम्रो समाजमा केवल आर्थिक दृष्टिकोणबाट मात्र नभएर सामाजिक पक्षबाट पनि त्यत्तिकै महत्त्वपूर्ण मानिन्छ । नेपालमा दूध आयातको अवस्था हेर्दा भारतलगायत अन्य तेस्रो मुलुकबाट दिनानुदिन आयात बढिरहेको अवस्थामा पशुपालन क्षेत्रमा प्रेरित भएर लाग्ने हो भने अन्य क्षेत्रको भन्दा सहज र फाइदा हुन्छ ।**

**हाल नेपालमा पशुपालनको ठूलो हिस्सा परम्परागतरूपमैं रहेको छ । पशुपालनलाई धेरै नेपालीले जीवननिर्वाह पेशाको रूपमा मात्रै अपनाएको पाइन्छ । तर पछिल्लो समयमा नयाँ पुस्ताका केही युवाहरूले पशुपालनलाई मुख्य व्यवसायको रूपमा अगाडि सार्ने गरेका छन् । कृषिमा आत्मनिर्भर बन्नका लागि वा देशमा औद्योगिक वातावरण सिर्जना गर्न पशुपालनमा पनि नयाँ सोच आउन जरुरी छ । पछिल्लो पुस्ताले पशुपालनलाई एउटा व्यवसायको रूपमा अगाडि सार्नु पशुपालनको क्षेत्रमा आशालाग्दो र महत्त्वपूर्ण विषय हो । औसतरूपमा हेर्दा परम्परागत वा आधुनिक पशुपालनमा घाँसमुखी पशुपालनलाई कम महत्त्व दिएको पाइन्छ । मुख्यतया पशुपालन व्यवसायमा लागतको ठूलो हिस्सा करीब ७० प्रतिशत आहारमा खर्च हुने गर्छ । त्यस कारण पशुपालन व्यवसाय गर्दा आहार व्यवस्थापन नै मुख्य समस्या हुन्छ । पशुहरूको आहार लागतलाई घटाउन सकेमा पशुपालन व्यवसायमार्फत पनि मनग्गे नाफा आर्जन गर्न सकिन्छ ।**

**मुलुकको अर्थतन्त्रमा महत्त्वपूर्ण स्थान ओगट्ने पशुपक्षीको व्यवस्थापनलाई वैज्ञानिक प्रणालीबाट सञ्चालन गरिनु जरुरी छ । मुलुकमा स्वरोजगार सिर्जना साथै व्यापारघाटा कम गर्दै अर्थतन्त्र बलियो बनाउने हो भने सरकारको मूल ध्येय पशुपक्षीपालन व्यवसायलाई व्यवस्थित, आयमूलक तथा आकर्षक बनाउनेतर्फ हुनुपर्छ । यसले खाद्य तथा पोषण सुरक्षा, गरीबी न्यूनीकरण र रोजगार सिर्जनामा प्रत्यक्ष सघाउँछ छ । गाईभैंसी, चौरी, बाख्रालगायतको पालनबाट हामीलाई दूध प्राप्त भइरहेको छ । हाल नेपालमा बर्सेनि २२ लाख १३ हजार २०२ मेट्रिक टन दूध उत्पादन हुने गरेको छ । मुलुकको माग अनुसार यो पर्याप्त भने होइन । यसलाई अझ वृद्धि गरी पाउडर दूध कारखाना सञ्चालनमा ल्याउनुपर्छ । दूधबाट बन्ने घ्यूलगायत मिठाइका परिकारमा पनि आत्मनिर्भर हुन सक्नुपर्छ । साथै चकलेटलगायतका कारखाना सञ्चालनमा ल्याउने हो भने बाहिरबाट चकलेट आयात गर्ने नभई हामीले निर्यात गर्न सक्छौं । दूध पिउनका लागि मात्र नभएर यसको बहुप्रयोगमा जानेतर्फ दीर्घकालीन सोच सरकारको हुनुपर्छ र सोहीअनुरूप यस क्षेत्रलाई संरक्षण, विकास गर्दै बढावा दिने नीति तथा कार्यक्रम सरकारको हुनुपर्छ ।**

# माध्यमिक शिक्षा परीक्षा : तयारीका सूत्र

शिक्षा नेपाल




अनन्तकुमार लाल दास
anantlaldas@gmail.com


**परीक्षाको तयारीका लागि समय प्रबन्धन सँगसँगै आफ्नो प्रतिभा र कौशल देखाउनु पनि आवश्यक छ । विद्यार्थीहरूले आफूमाथि भरोसा र विश्वास राख्नु पनि आवश्यक छ । समयमा शुरू गरिएको काम, परिश्रम र आत्मविश्वासले अवश्य नै तपाईंलाई सफल बनाउँछ ।**

विद्यार्थीहरूको जीवन सङ्घर्ष र चुनौतीले भरिएको हुन्छ । उनीहरूको मनमा परीक्षाको भयसँगै राम्रो ग्रेड आउला कि नआउला भन्ने डर पनि हुन्छ । विद्यार्थीहरूको मनमा बेग्लाबेग्लै विषयमा कसरी राम्रो ग्रेड ल्याउने, कक्षामा ए प्लस कसरी हासिल गर्नेजस्ता प्रश्नहरू खेलिरहेका हुन्छन् । वि.सं. २०८० को माध्यमिक शिक्षा परीक्षा नजीकिंदै गएको सन्दर्भमा परीक्षाको तयारी कसरी गर्ने, कस्ता रणनीति अँगाल्ने, र के कस्तो सूत्रहरू प्रयोग गर्ने भन्ने प्रश्नको एउटै जवाफ छ–'राम्रो तयारी' । किनभने परीक्षा शुरू हुनुपूर्वको समय बढी महत्त्वपूर्ण हुन्छ । हुनत यसबाट भयभीत हुनु आवश्यक छैन तर यसको परिणाममाथि नै भविष्य निर्भर हुन्छ । माध्यमिक शिक्षा परीक्षाको परिणामबाट नै कुन फिल्ड रोज्ने भन्ने निर्धारण हुन्छ । अर्थात् आर्ट्स, कमर्स वा विज्ञान के पढ्ने । जागीरका लागि पनि माध्यमिक शिक्षा परीक्षाको परिणामको मूल्याङ्कन गरिन्छ ।

परीक्षा प्रायः तीन प्रकारको हुन्छ । १. मौखिक, जसमा विद्यार्थीहरूको क्षमताको मूल्याङ्कन थोरै समयमा निर्धारण गरिन्छ । यस प्रकारको परीक्षामा विद्यार्थीहरूले छिटो मौखिक जवाफ दिनुपर्छ । २. लिखित परीक्षा, जसमा विद्यार्थीको लेख्ने क्षमता र शब्द प्रयोगको मूल्याङ्कन हुन्छ । तेस्रो प्रायोगिक परीक्षा जसमा बेग्लाबेग्लै विषय प्रयोग गरेर देखाउनुपर्छ । धेरैजसो विद्यार्थी बोर्ड परीक्षाबाट भयभीत हुन्छन् । विद्यार्थी सँगसँगै उनीहरूका अभिभावक पनि चिन्तित र परेशान देखिन्छन् तर यो परीक्षा त्यति कठिन भने होइन । परीक्षा भनेकै विषयगत मूल्याङ्कनको लागि लिइने लिखित र प्रायोगिकरूपमा आयोजना गरिने विद्यार्थीहरूको मूल्याङ्कन हो । सामान्यरूपले यस्ता परीक्षाको आयोजन हाम्रो देशमा चैत महीनामा हुने गर्छ तर हिजोआज कक्षागतरूपमा हरेक महीना परीक्षा हुने गर्दछ । यो परीक्षा अन्य परीक्षाजस्तै हुन्छ तर ए प्लस ग्रेड हासिल गर्न निकै परिश्रम गर्नुपर्छ । जसले कक्षाको पढाइको निरन्तर अभ्यास गरिरहन्छ उसका लागि समस्या कम हुन्छ । अन्य विद्यार्थी पनि यसबाट चिन्तित नभई परीक्षाको तयारीमा लाग्नुपर्दछ ।

परीक्षाको मिति नजीकिंदै जाँदा विद्यार्थीहरूको मनमा तनाव, भ्रम र नकारात्मकता जन्मिन थाल्छ । यसबाट उनीहरूको लागि चुनौती बढ्छ । उनीहरूमा कसरी तयारी गर्ने भन्ने भ्रम उत्पन्न हुन थाल्छ किनभने सबै विद्यार्थीमाथि ए प्लस ग्रेड ल्याउने दबाब हुन्छ । यस प्रकारको दबाबले गर्दा उनीहरूको तयारीमा बाधा उत्पन्न हन्छ र परीक्षामा राम्रो ग्रेड हासिल हुँदैन । एउटा राम्रो विद्यार्थी पनि उच्च दबाबले गर्दा औसत ग्रेड ल्याएको देखिन्छ । यस कारण व्यर्थको चिन्ता, तनाव र घबराहटबाट मुक्त भई आफ्नो परीक्षाको तयारीमा जुट्ने समय आइसकेको छ । तनावमुक्त भई परीक्षाको तयारीका कैयन तरीकाहरू छन् । परीक्षाको तयारी अहिले देखि नै प्रारम्भ गर्नुहोस् । पाठ्यक्रमानुसार तयारी गर्नुहोस् । पढ्ने सामग्री र नोट्स आदि जम्मा पार्नुहोस् । टाइम टेबल बनाएर पढ्नुहोस् । अनुशासनमा बसेर योजनासहित तयारी गर्नुहोस् । प्रत्येक दिन रिभिजन गर्नुहोस् । सन्तुलित आहार र पर्याप्त निद्रा लिनुहोस् । केही शारीरिक व्यायाम र समयानुसार पढाइबाट ब्रेक पनि लिनुहोस् । तनाव त्यागेर आफूमाथि विश्वास गर्नुहोस् र परीक्षाको बेला सकारात्मक सोच राख्नुहोस् ।

परीक्षाको तयारी गर्दा विद्यार्थीहरूले केही विशेष कुरामा ध्यान दिनु आवश्यक हुन्छ ।

१) स्वयंलाई सोशल मिडियाबाट टाढा राख्नुहोस्

विद्यार्थीहरूले परीक्षाको तयारी गर्दा परीक्षा समाप्त नहुन्जेल स्वयंलाई सोशल मिडियाबाट टाढा राख्नुपर्छ । यदि तपाईं ए प्लस ग्रेड ल्याउन चाहनुहुन्छ भने आफ्नो मोबाइलमा पढाइबाहेक अन्य एप–जस्तै फेसबूक, ट्विटर, इंस्टाग्राम, व्हाट्सएप आदि अनइंस्टाल गर्नुहोस् । यसमा समय बर्बाद गर्नुभन्दा राम्रो परीक्षाको तयारीमा समर्पित हुनु आवश्यक छ । घण्टौं मोबाइलमा समय खेर फाल्नु भनेको आफ्नो पढाइ चौपट पार्नु हो । मोबाइलले हाम्रो ध्यान पढाइप्रति केन्द्रित हुन दिंदैन । तसर्थ यसबाट टाढा बस्नु नै हितकर हुन्छ । मोबाइल फीड हेर्नुको साटो बढीभन्दा बढी समय पढाइमा केन्द्रित गर्नुपर्छ । यसर्थ सफलताको लागि सोशल मिडियाको प्रबन्धन आवश्यक छ ।

२) पढाइको लागि ब्रह्ममुहूर्त उपयुक्त समय हो

परीक्षाको तयारी गर्दा विद्यार्थीहरूले सही समयमा सही कुरा गर्नु आवश्यक हुन्छ । धेरैजसो विद्यार्थी टाइम टेबल बेगर परीक्षाको तयारी गर्छन् तर प्रत्येक विषयमा ध्यान दिनु आवश्यक भएकोले टाइम टेबलद्वारा समय प्रबन्धन गर्नु आवश्यक छ । पढाइको लागि सबैभन्दा राम्रो समय बिहानको ब्रह्म समय, अर्थात् ४ बजे देखि ८ बजे सम्म वा ५ बजेदेखि ८ बजेसम्म उपयुक्त हुन्छ । यस बेला पढेका कुरा लामो समयसम्म मस्तिष्कमा रहिरहन्छ । हुनत दिनभरि पढाइ गर्न सकिन्छ तर यस बेला पढ्नु भनेको दिनमा १० घण्टा पढे बराबर हो । बिहान उठेर पढ्नको लागि समयमैं सुत्नु आवश्यक छ । यसका लागि राति अबेरसम्म जागेर मोबाइल एपमा समय बिताउन छोड्नुपर्छ ।

३) स्थिर र शान्त वातावरणमा पढाइ गर्नुहोस्

जुन टेबलमा वा जहाँ बसेर पढिरहनु भएको छ त्यहाँ चारैतिर सामान फैलिएको नहोस् । त्यहाँ पढाइसँग सम्बन्धित कुराहरू मात्र हुनुपर्छ । स्थिर र शान्त वातावरणमा अध्ययन गर्दा लामो समयसम्म याद रहन्छ । पढाइ गर्ने ठाउँमा टेलिभिजन वा मोबाइलजस्ता कुरा हुनुभएन किनभने सकारात्मक र प्रेरणादायक वातावरणमा बसेर मात्र राम्रो प्रदर्शनको लागि आफूभित्र सुधार ल्याउन सकिन्छ ।

४) पाठ्क्रम राम्ररी बुझ्नु आवश्यक छ

पाठ्यक्रमको महत्त्वपूर्ण बुँदा बुझ्ने प्रयास गर्नुपर्छ । सबै विषयका महत्त्वपूर्ण पाठ ध्यानपूर्वक पढ्नुपर्छ । पाठ अन्तर्गत दिइएको ग्रीड बुझेर कुन पाठ महत्त्वपूर्ण छ त्यो बुझ्न सकिन्छ । निरन्तर ५–६ वा ८–९ घण्टा पढाइमैं समर्पित हुने आवश्यक छैन । यस्तो गल्ती कहिले पनि गर्नुहुन्न । ब्रेक लिनु पनि महत्त्वपूर्ण हो किनभने ब्रेकले दिमागलाई तरोताजा बनाइराख्छ । एक घण्टा पढिसकेपछि कम्तीमा आधी घण्टाको ब्रेक लिनुपर्छ । ब्रेक लिनु भनेको मोबाइल हेर्ने होइन । आँखा बन्द गरेर केही क्षण ध्यान गर्नुहोस् वा राम्रो सङ्गीतको आनन्द लिनुहोस् । अलिकति सुत्नु पनि ब्रेकको नै हिस्सा हो तर ब्रेक लामो हुनुहुन्न । सन्तुलित ब्रेकपछि पुनः एक घण्टा पढ्नुहोस् ।

५) पछिल्लो वर्षको पेपर हल गर्नुहोस्

पछिल्लो दुइ–तीन वर्षको पेपर हल गरेर तयारीलाई सुनिश्चित गर्नुहोस् । पुरानो प्रश्नपत्रबाट परीक्षामा कस्तो प्रश्न सोधिन्छ भन्ने थाहा हुन्छ साथै कुन चेप्टर महत्त्वपूर्ण छ त्यो पनि थाहा हुन्छ । परीक्षाको पेटर्न बुझेर तयारी गर्नु राम्रो रणनीतिक उपाय हो । यस प्रकारको टेस्टले पढाइमा भएको प्रगति पनि मूल्याङ्कन गर्न सकिन्छ । टेस्ट दिंदा हुने गल्तीबाट सिक्नु पनि अत्यन्त महत्त्वपूर्ण हो । यस प्रकारको टेस्ट भनेको आत्म मूल्याङ्कनको अवसर पनि हो । यसमा सफल वा असफल हुँदा निडर भई यसलाई सुधारको अवसरको रूपमा लिनुपर्छ ।

६) रिभिजनमाथि विशेष ध्यान दिनुहोस्

माध्यमिक शिक्षा परीक्षाको लागि रिभिजन अत्यन्त महत्त्वपूर्ण हुन्छ । रिभिजनले पढेका कुराहरू सजिलै मस्तिष्कमा फिट हुन्छ । रिभिजन गर्दा ससाना बुँदाहरूलाई पनि ध्यानमा राख्नुहोस् किनभने MCQ टाइपका प्रश्नहरू चेप्टरको बीचबाट सोधिन्छ । प्रत्येक विषयमा गरिएको रिभिजन सबैखाले प्रश्नहरूको लागि लाभदायक हुन्छ । यस कारण परीक्षाको एक साता पहिले वा एक दिन पहिलेसम्म रिभिजन गर्नुहोस् । रिभिजन गर्दा कुनै कुरो बुझ्न गाऱ्हो भएमा सम्बन्धित विषय शिक्षकसँग सोध्न लाज मान्नुहुँदैन ।

७) सन्तुलित आहार र व्यायाम पनि गर्नुहोस्

परीक्षाको बेला मानसिक र शारीरिक स्वास्थ्यमाथि विशेष ध्यान दिनु अति आवश्यक छ । योगबाट मानसिक तनाव कम हुन्छ भने व्यायामबाट शरीर स्वस्थ रहन्छ । सही खानपान र पर्याप्त निद्रा परीक्षाको तयारीमा सहयोगीको भूमिका निर्वाह गर्छ । यस कारण 'नो जंक फुड, नो आउटसाइड फूड' परीक्षाको बेला यस्तो खानाले शरीरमा आलस्य उत्पन्न हुन्छ । आमाको हातले तयार गरेको भोजन राम्ररी चपाएर खानुपर्छ । परीक्षाको दुई महीना पहिले नै मोबाइलबाट खानाको एप 'डिलिट' गरिदिनुहोस् । लस्सी, दूध, दही जे पनि होस् घरको खानुहोस् ।

८) प्रश्नहरूको जवाफ राम्ररी लेख्नुहोस्

कहिलेकाहीं सही जवाफ लेखेपछि पनि राम्रो अङ्क हासिल हुँदैन । यसको के कारण होला ? हाम्रो मार्क्स कहाँ कटिरहेको छ ? मैले सही उत्तर लेखें तर मार्क्स यति कम, किन ? यस्ता प्रश्नको जवाफमा के भन्न चाहन्छु भने तपाईं आफ्नो लेख्ने तरीका परिवर्तन गर्नुहोस् । आफ्नो हस्तलेखनमा पनि ध्यान दिनुहोस् । बोर्डको पेपर सफा राख्नुहोस् । पेपरमा कुनै प्रकारको चिह्न, जस्तै–'ओम शान्ति ओम' वा आफ्नो नाम नलेख्नुहोस् । कुनै एउटा समूहको उत्तर लेख्दा एउटै ठाउँमा लेख्नुहोस् । जवाफलाई प्रश्न अनुसारको 'शीर्षक' दिई लेख्नुहोस् । जवाफ बुँदागत लेख्नुहोस् । डायग्राम राम्ररी बनाउनुहोस् ।

८) सुपर टिप्स

प्रभावकारी तयारीको रणनीति : परीक्षाको तयारीका लागि कसरी पढ्ने भन्ने एउटा रोडम्याप बनाउनुपर्छ । एउटा राम्रो स्टडी प्लानले विद्यार्थीहरूलाई टारगेट स्कोर हासिल गर्न सहयोग र प्रोत्साहित गर्दछ ।

महत्त्वपूर्ण विषयलाई प्राथमिकता दिनुपर्छ : जुन विषयमा बढी प्रश्न सोधिन्छ वा बढी मार्क्स ल्याउन सकिन्छ त्यस्ता विषयको तयारीमा बढी ध्यान दिनुपर्छ । अन्य विषयमा त्यसपछि ध्यान दिनुपर्छ ।

पाठ्यपुस्तकको गहन विश्लेषण : कुनै पनि परीक्षाको लागि पाठ्यपुस्तक प्राथमिक स्रोत हो । विद्यार्थीहरूले सबैभन्दा पहिले पाठ्यपुस्तक अनि मात्र सन्दर्भ पुस्तकमा ध्यान दिनुपर्छ ।

लेख्ने स्पीड र एक्युरेसीमा सुधार गर्नुपर्छ : माध्यमिक शिक्षा परीक्षामा समयभित्र सबै प्रश्नको जवाफ दिनका लागि लेख्ने गति र सटीक उत्तर जरूरी हुन्छ । यदि गति सही छैन भने उत्तर लेख्न छुट्छ । यसलाई सपार्न बढीभन्दा बढी मार्क टेस्ट दिनु आवश्यक हुन्छ ।

पाठ्यक्रमको पुनरावृत्ति पटक–पटक गर्नुहोस् : कुनै पनि परीक्षाको सफलताको मूलमन्त्र पुनरावृत्ति हो । यसो गर्दा तयारी सँगसँगै कन्सेप्ट पनि राम्ररी याद हुन्छ ।

९) निष्कर्ष

परीक्षा, पढाइ र जीवनको एउटा हिस्सा मात्र हो । परीक्षा महत्त्वपूर्ण अवश्य छ तर जीवनभन्दा बढी महत्त्वपूर्ण छैन । मिहिनेत र लगनका साथ पढ्ने विद्यार्थी अवश्य सफल हुन्छ । केही विद्यार्थी जो नियमित पढ्दैनन् उनीहरू दिनमा २–३ घण्टाबाट आफ्नो पढाइ शुरू गर्न सक्छन् । परीक्षाको तयारीका लागि समय प्रबन्धन सँगसँगै आफ्नो प्रतिभा र कौशल देखाउनु पनि आवश्यक छ । विद्यार्थीहरूले आफूमाथि भरोसा र विश्वास राख्नु पनि आवश्यक छ । समयमा शुरू गरिएको काम, परिश्रम र आत्मविश्वासले अवश्य नै तपाईंलाई सफल बनाउँछ । अन्त्यमा भारतीय कवि हरिवंश राय बच्चनको एउटा कविताको अंश–"सफलता एक चुनौती है, इसे स्वीकार करो/क्या कमी रह गई देखो और सुधार करो/जबतक ना सफल हो नींद चैन को त्यागो तुम/युद्धका मैदान छोड मत भागो तुम/बिना किये कुछ जय जयकार नहीं होती/कोशिश करने वालों की कभी हार नहीं होती ।"

# नगरसभा नहुँदा नगर अस्पताल भवन प्रयोगविहीन

सर्लाही, १ पुस/रासस

सर्लाहीको हरिपुर्वा नगरपालिका–२ मा निर्मित १५ शय्याको नगर अस्पताल भवन निर्माण भएको लामो समय भइसक्दा पनि प्रयोगमा आउन सकेको छैन । तत्कालीन स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री राजेन्द्र महतोले २०६९ जेठ २ गते शिलान्यास गरेको सो अस्पताल निर्माण भएको डेढ वर्ष हुँदासमेत प्रयोगमा नआएको हो ।

अस्पताल सञ्चालनमा नआउँदा आफ्नै ठाउँमा अस्पताल भएर पनि सेवा लिन अन्यन्त्र जानुपरेको हरिपुर्वावासी रामविनय यादवले गुनासो गरे । उनका अनुसार सामान्य बिरामी पर्दासमेत उपचारका लागि लालबन्दी, मलङ्गवा, बर्दिवास, जनकपुर तथा काठमाडौं जानुपर्ने बाध्यता छ । "गाउँमैं यति ठूलो अस्पताल भवन बनेको छ तर सञ्चालन गर्न जनप्रतिनिधिले चासो नदेखाएका कारण आम नागरिक सामान्य बिरामी पर्दा पनि टाढाटाढासम्म धाउनुपर्ने बाध्यता छ ।"

अस्पताल भवन निर्माणका लागि सोही स्थान निवासी विनोद साहले १० कट्ठा जमीन निश्शुल्क उपलब्ध गराएका थिए । सोही जमीनमा निर्माण भएको १५ शय्याको अस्पताल भवन अहिले अलपत्र परेको छ । निर्माण भएको अस्पताल सञ्चालन नहुँदा स्थानीयवासीले सास्ती खेपिरहेका जग्गादाता साहले बताए । "गाउँमा धेरैको अकालमा मृत्यु भएको र महिलालाई प्रसूति गराउन जनकपुर वा काठमाडौं धाउनुपर्ने बाध्यता देखेर गाउँमैं अस्पताल निर्माण होस् भनी जग्गा दिएँ, अस्पताल पनि निर्माण भयो तर प्रयोगमा आउन सकेन," साहको गुनासो थियो ।

राजनीतिक विवादले नगर अस्पताल भवन निर्माण हुन करीब १० वर्ष लागेको

(बाँकी चौथो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# जनकपुरधाममा विवाहपञ्चमीको धूम

धनुषा, १ पुस/रासस

"आजु मिथिला नगरिया निहाल सखिया,
चारों दुलहा में बडका कमाल सखिया !!

अर्थात् आज मिथिला नगरी निकै सुन्दर भएको छ सखीहरू, चारजनै दुल्हामध्ये जेठो चाहिं निकै कमालको छ।


तस्वीरः रासस

यस्तै, सुमधुर लोक गीतसङ्गीतबीच प्रत्येक वर्ष जनकपुरमा मनाइने रामजानकी विवाह पञ्चमी महोत्सवको रौनक यतिबेला जनकपुरधाममा देखिएको छ।

प्राचीन मिथिला र अहिले मधेस प्रदेशको राजधानी जनकपुरधाममा भगवान् सीताराम विवाह पञ्चमी महोत्सव पौराणिक प्रचलन अनुसार मनाइँदै छ। जनकनन्दिनी सीताको विवाह भएको दिनको स्मरणमा मिथिलावासीले यसलाई विशेष महोत्सवका रूपमा मनाउने गरेका छन्। साताव्यापी महोत्सवमा सहभागी हुन यसपटक लाखौं श्रद्धालु यहाँ आएका छन्। सो क्रममा जानकी मन्दिरलगायत यहाँस्थित देवालयमा बिहानैदेखि पूजाअर्चना गर्ने श्रद्धालुको भीड लागेको जानकी मन्दिरका महन्त रामतपेश्वर दासले बताए।

रामायणमा तुलसीदासले लेखेको पङ्क्ति उद्दृत गर्दै जानकी मन्दिरका महन्त रामतपेश्वर दास भन्छन्, "सिया रघुवीर विवाह जे गावही, सुनही तिनहुँ सदा उछाह मङ्गलाय तन रामजसो।" बालकाण्डको अन्तिममा लेखिएको यस पङ्क्तिको अर्थ हो, भगवान् राम र सीताको यस अलौकिक विवाहलाई जसले हृदयदेखि सुन्ने, गाउने र वाचन गर्ने गर्छ, उसको जीवन सदैव मङ्गलमय हुन्छ। त्यसैले पनि विवाहपञ्चमी महोत्सव जनकपुरधामको घरघरमा सुनिने, गाइने र वाचन गर्ने गरिन्छ। वर्षौंदेखि जनकपुरधामले धान्दै आएको यस सांस्कृतिक विरासत मिथिलाका अन्य शहरमा फैलिँदैछन्।

महन्त दासका अनुसार सीतालाई छोरी-बहिनीका रूपमा मान्ने मिथिलावासी महोत्सवमा देवीदेवताको सहभागिता भौतिक शरीर नभए पनि अदृश्यरूपमा उपस्थित हुने विश्वासले हर्ष र उल्लासका साथ प्रतिछाया जन्तीको आगमनदेखि बिहेसम्ममा सहभागी हुने गर्छन्।

मैथिल साहित्यकार डा राजेन्द्र विमल बताउँछन्, "संस्कृति अनुसार विवाह महोत्सव मनाइने क्रममा राममन्दिर र जानकी मन्दिरबाट रामसीताको प्रतिमालाई सुसज्जित डोलीमा राखी रङ्गभूमिमा लगी स्वयंवर र परीक्षण विधि भएपछि जानकी मन्दिरमा ल्याइ विवाह संस्कार सम्पन्न गरिन्छ। सो अवसरमा निस्किने भगवान्को डोला शोभायात्रामा सहभागी हुनेले महोत्सव दैवी विवाह भएको अनुभव गर्दै आफूलाई धन्य सम्झन्छन्।"

राजर्षि जनक, जानकी र याज्ञवल्क्यको पुण्यभूमि प्राचीन मिथिलाको राजधानी जनकपुरधाममा बर्सेनि मङ्सिरको शुक्ल पक्ष पञ्चमी तिथिमा रामजानकी विवाहपञ्चमी मेला लाग्छ।

सीतोपाख्यान उत्तरार्द्धमा सीता स्वयंवरबारेमा उल्लेख भए अनुसार आश्विन पूर्णिमाका दिन अयोध्या नरेश महाराज दशरथ नन्दन राजकुमार श्रीरामचन्द्रले प्राचीन शिव धनुषलाई भाँचेको र त्यसपछि मार्ग शुक्ल पञ्चमी तिथिमा श्रीरामजानकीको शुभविवाह भएको प्रसङ्ग उल्लेख गरिएको छ। उक्त विवाह भएको खुशियालीमा सम्झनास्वरूप जनकपुरधाममा प्रत्येक वर्ष विवाह पञ्चमी पर्व मनाउने परम्परा छ।

राम र जानकीको स्वयंवर भएको जनविश्वास रहिआएको रङ्गभूमि १२ बिघा मैदानमा विवाह पञ्चमीका दिन जनकपुरधामस्थित राममन्दिरबाट जन्तीसहित भगवान् रामको डोला नगरपरिक्रमा गर्दै ल्याइएपछि जानकी मन्दिरबाट बाजागाजासहित लावालस्करका साथ जानकीको डोला लगेर स्वयंवर गरिन्छ। त्यसपछि दुवै डोला नगरपरिक्रमा गर्दै जानकी मन्दिरमा पुगी मिथिलाको संस्कृति अनुसार वैवाहिक कार्यक्रम सम्पन्न गरिन्छ।

त्रेतायुगमा मिथिलापति शिरध्वज जनकले सीता स्वयंवरको आयोजना गर्दा देशदेशान्तरका सयौं राजा र राजकुमार उपस्थित हुन पुगेको ऐतिहासिक तथा पौराणिक मान्यता छ। अहिले पनि हिन्दू जातिको आस्थाको केन्द्रका रूपमा रहेको जनकपुरधाममा मुलुकलगायत भारतबाट आएका लाखौं श्रद्धालु डोला परिक्रमाको दर्शन तथा पूजापाठ गर्न उपस्थित हुन्छन्।

यस वैवाहिक समारोहको पूर्वाङ्गस्वरूप मार्गशुक्ल द्वितीया तिथिका दिन अयोध्याबाट साधुसन्तहरूसमेतको एउटा जन्तीको डफ्फा (बाराती समूह)लाई जनकपुरधाम आइपुग्दा भव्य स्वागत गरिन्छ। अयोध्याबाट आउने जन्ती समूह (बाराती समूह)लाई यसअघि नै नेपाली सीमामा प्रवेश गर्नासाथ मटिहानी, जलेश्वर, पिपरा, लादोबेला र जनकपुरधाममा भव्य तथा हार्दिक स्वागत तथा अभिवादन गर्ने परम्परा छ।

साताव्यापी विवाहपञ्चमीको पहिलो दिन मङ्गलवार नगरदर्शन र दोस्रो दिन बुधवार फूलबारी लीला र बिहीवार तेस्रो दिन धनुष यज्ञ, चौथो दिन मङ्सिर २९ गते तिलकोत्सव र मङ्सिर ३० गते मटकोर विधि सम्पन्न भइसकेको छ। आज पुस १ गते आज विवाहपञ्चमीको मुख्य दिन विवाह उत्सव थियो भने भोलि पुस २ गते रामकलेवा गरी सप्ताहव्यापी श्री सीताराम विवाहपञ्चमी महोत्सव समापन हुने महन्त दासले बताए।

महन्त दासले भने, "आज पञ्चमी तिथिमा राममन्दिरबाट श्रीरामचन्द्रको डोला बाजागाजाका साथ नगरपरिक्रमा गर्दै रङ्गभूमि मैदानमा पुग्छ। त्यहाँ पहिलेदेखि नै जानकी मन्दिरबाट जानकी माताको मूर्ति सुसज्जित मण्डपका साथ मन्दिरका महन्त, साधुसन्त र समाजका प्रबुद्ध नागरिक सम्मिलित सरियाती दल (घरगाउँले समूह वा माइती पक्ष)द्वारा स्वागत अभिवादनका साथै राम मन्दिरबाट पुगेको डोलालाई जानकी मन्दिरबाट पुर्‍याइएको मण्डपद्वारा पाँचपटक परिक्रमा गराएर श्रीरामचन्द्रलाई पुष्पहार अर्पण गरिन्छ।"

राममन्दिरबाट पुगेको मण्डपबाट महन्तले जानकीजीलाई माला लगाइ आरतीपूजनपछि स्वयंवर पूरा हुन्छ। त्यसपछि राममन्दिरको मण्डपअगाडि राखेर सबै पछिपछि लाग्छन् र जानकी

(बाँकी चौथो पातामा)


विवाह पञ्चमीका अवसरमा जनकपुरधाममा आइतवार भगवान् राम सीताको डोलासहित निकालिएको झाकीमा देखिएका श्रद्धालु भक्तजनको भीड। तस्वीरः रासस

# अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्न माग

गण्डकी, १ पुस/रासस

पोखरा र भैरहवाका पर्यटन व्यवसायीले पोखरा र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट तत्काल अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्न सरकारसँग माग गरेका छन्।



तस्वीरः फाइल

होटल सङ्घ पोखरा र नेपाल पर्यटन बोर्डद्वारा संयुक्तरूपमा पश्चिम नेपालका शहरलाई लक्षित गरी सञ्चालित 'जाउँ है पोखरा' अभियान अन्तर्गत शनिवार भैरहवामा आयोजित कार्यक्रममा वक्ताहरूले विमानस्थल सञ्चालनमा आउँदा पनि अन्तर्राष्ट्रिय उडान हुन नसक्नु चुनौतीको विषय भएको बताए।

होटल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले ठूलो लगानीमा बनेका विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान हुन नसकेको जनाउँदै सरकारले चाँडो अन्तर्राष्ट्रिय उडानको वातावरण तयार गर्नुपर्ने बताए।

पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले पोखराको नयाँ विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानका लागि सरकारलाई दबाब दिइएको जनाउँदै मागको सुनुवाइ नभए आन्दोलन गर्न बाध्य हुने बताए। विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान सञ्चालनका लागि परिषद्को ऐक्यबद्धता रहेको उनले बताए।

सिद्धार्थ होटल एसोसिएशनका अध्यक्ष चन्द्रप्रकाश श्रेष्ठले उद्घाटनको १८ महीना पुग्दा पनि गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल उचितरूपमा सञ्चालनमा नआउनु दुर्भाग्य भएको बताए। उनले विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्न दबाबमूलक आन्दोलन जारी रहेको जानकारी दिए।

नेपाल पर्यटन बोर्डका वरिष्ठ अधिकृत कुन्दन मिश्रले बोर्डको गठन, बनावट, उद्देश्य र गतिविधिबारे जानकारी गराए। कार्यक्रममा नाट्टा गण्डकीका अध्यक्ष रचना पन्त, पत्रकारद्वय माधव ढुङ्गाना र नरेश केसी, पर्यटन विकास परिषद् लुम्बिनीका कार्यकारी अधिकृत रामु जोशीलगायतले पोखरा र लुम्बिनीबीच पर्यटकीय साझेदारीमा जोड दिए।

उक्त अवसरमा होटल सङ्घ पोखराले गण्डकी प्रदेश घुमघामका पर्यटकीय 'प्याकेज' सार्वजनिक गरिएको थियो। अभियान अन्तर्गत सङ्घले विभिन्न पाँच प्याकेज सार्वजनिक गरिएको सङ्घका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिए। प्याकेज अन्तर्गत घुमघाम पोखरा, शैक्षिक भ्रमण, मधुमास, पोखरा-मुक्तिनाथ र पदयात्रा प्याकेज छन्। होटलमा बस्ने, खाने र घुम्नेसम्बन्धी यी प्याकेज दुई रातदेखि चार रातसम्मका र रु तीन हजारदेखि २६ हजार मूल्यबीचका छन्।

आन्तरिक पर्यटन नै दिगो पर्यटनको आधार हो भन्ने मान्यता अनुरूप दुई दशक अघि सञ्चालित अभियानमा भैरहवाका साथै नेपालगंज, धनगढी र महेन्द्रनगर पनि समेटिएको सङ्घका उपाध्यक्ष दीपक श्रेष्ठले जानकारी दिए।

अभियानको उद्देश्य पश्चिमबाट पर्यटकलाई पोखरा पठाउने र पोखराबाट समेत पर्यटकलाई पश्चिम पठाउने रहेको जनाउँदै सङ्घका महासचिव राजेन्द्र ढकालले कोभिड-१९ बाट थला परेको पर्यटनलाई लयमा फर्काउनसमेत यो अभियानले बल दिने बताए। उक्त अवसरमा पोखराका १२०० होटलमा ४० हजार बिस्तरा रहेको र यो क्षेत्रमा १५ हजारले रोजगार पाएको कार्यक्रममा जानकारी गराइयो।

# सुपरन्यादी जलविद्युत्को ६० प्रतिशत काम सम्पन्न

लमजुङ, १ पुस/रासस

गण्डकी प्रदेश अन्तर्गत लमजुङमा निर्माणाधीन ४२.६० मेगावाटको सुपरन्यादी जलविद्युत् आयोजना हालसम्म ६० प्रतिशत निर्माण भएको छ। सिउरी न्यादी हाइड्रोपावर कम्पनीद्वारा मर्स्याङ्दी गाउँपालिका-६ स्थित ङादीखोलामा निर्माणाधीन यस आयोजनाको अझै ४० प्रतिशत निर्माण बाँकी रहेको आयोजनाले जनाएको छ।

यस आयोजनाको विद्युतगृह पुग्ने पहुँच सुरुङ मार्गको 'ब्रेक थ्रु' सम्पन्न भएको छ। आयोजनाका प्रबन्धक निर्देशक दिनेश गुरुङका अनुसार विद्युत्गृह निर्माणका लागि ३८७ मिटर सुरुङ मार्ग, ६,८०० मिटर सुरुङमार्गमध्ये चार किलोमिटर टनेलको सुरुङ, भूमिगत पावर हाउस खन्ने, सुरुङका लागि दुईवटा अडिट टनेलसहित ५०० मिटर खन्नेजस्ता काम सम्पन्न भइसकेको छ। त्यस्तै ड्याम साइडसम्मको २२ किलोमिटर सडक निर्माणलगायत काम पनि सम्पन्न भइसकेको उनको भनाइ थियो।

निर्देशक गुरुङले भने-"अहिले आयोजनाको नौ ठाउँबाट विभिन्न काम भइरहेका छन्। आयोजनामा हाल ५०० कामदारले काम गरिरहेका छन्। हेलिकोप्टरबाट सामान पुर्‍याएर बाँध र ड्यामसाइडबाट सडक खन्ने गरिएको थियो।"

आयोजनाको विद्युत् खरीद-बिक्री सम्झौता (पिपिए) अनुसार दुई वर्षभित्र अर्थात् (२०८१ असारभित्र) विद्युत् उत्पादन शुरू गरिसक्नुपर्नेमा सम्झौता अनुसार समयभित्रै काम सम्पन्न हुन नसक्ने उनले बताए। कोरोना महामारीका कारण एक दिनमा हुने काम सात दिन लाग्नाका साथै कामदार आउन समस्या, सामग्री ढुवानीमा समस्यालगायतले निर्माण कार्यमा ढिलाइ भए पनि विसं २०८२ असारभित्र सम्पन्न हुने अनुमान छ।

हाई हिमालय र धवलागिरी कन्स्ट्रक्शन एन्ड डेभलपमेन्ट प्रालिले निर्माण गरिरहेको यो आयोजनामा एनएमबी बैंकको अगुवाइमा छ वटा वित्तीय संस्थाले रु पाँच अर्ब २५ करोड ऋण लगानी गर्नेछ। प्रवर्द्धकको इक्विटी (स्वपूँजी) रु एक अर्ब ७५ करोड रहने छ। उक्त बैंक एवं वित्तीय संस्थाको ७५ प्रतिशत र प्रवर्द्धकको २५ प्रतिशत हिस्सा रहने आयोजनाले जनाएको छ। करीब रु सात अर्बको लागतमा निर्माण काम पूरा गरिने आयोजनाको लक्ष्य छ।

आयोजनाबाट उत्पादन हुने विद्युत्लाई विद्युत्गृहदेखि ११ किलोमिटर टाढाको टारीकुनामा निर्माण गरिने १३२ केभी प्रसारण लाइन खुदी सबस्टेशनमा जोडिने भएको छ।

सबस्टेशनसम्म प्रसारण लाइन आयोजनाले नै निर्माण गर्ने भएको छ। यस आयोजनाका अनुसार वर्षात्को छ महीना प्रतियुनिट रु ४.८० र हिउँद यामको छ महीनामा रु ८.४० को दरले विद्युत् खरीद-बिक्री गरिने भएको छ।

# नारायणगढ-मुग्लिन सडक दैनिक चार घण्टा बन्द हुने

चितवन, १ पुस/रासस

नारायणगढ-मुग्लिन सडकखण्डमा दैनिक चार घण्टा सवारी बन्द हुने भएको छ। सो सडकखण्डको तुइनखोलामा पुल बनाउन भित्तो काट्नुपर्ने भएकोले यही पुस ७ देखि सवारी बन्द गर्न लागिएको हो।

बिहान ११ देखि दिउँसो ३ बजेसम्म सडक बन्द गरेर काम गर्न लागिएको नागढुङ्गा-मुग्लिन सडक आयोजना पश्चिम खण्ड (नारायणगढ-मुग्लिन)का सूचना अधिकारी ई. कृष्ण आचार्यले जानकारी दिए। उनका अनुसार पहिलो चरणमा तीन हप्ताका लागि सडक रोकेर भित्तो काटिने छ।

गत वर्ष सो ठाउँमा पुल निर्माणका लागि भित्तो काटिएको भए पनि कडा चट्टान भएकोले काम कठिन भएपछि विस्फोटका लागि रोकिएको थियो। विस्फोटको अन्तिम तयारी हुँदै गर्दा पुनः एकपटक सडक रोकेर काट्ने तयारी गरिएको हो। शनिवार कुरिनटारमा चितवन, गोरखा र धादिङका प्रमुख जिल्ला अधिकारीसहितको उपस्थितिमा बसेको अन्तरजिल्ला बैठकले सडक रोकेर काम गर्ने निर्णय गरेको हो।

सूचना अधिकारी आचार्यका अनुसार ६० मिटर अग्लो पहाड गत वर्ष २५ मिटर काटिएको छ। बाँकी ३५ मिटर 'रक स्पिलटर' र 'हाइड्रोलिन ज्याक हेमर' प्रयोग गरेर फोर्ने तयारी गरिएको छ। उनले भने-"टनेल, खानीलगायतमा प्रयोग गरिने विधि प्रयोग गरेर अन्तिम प्रयास गर्दैछौं।" यसबाट पनि फोर्न नसकिए अन्तिम विकल्प विस्फोट गराइने उनले बताए।

सो सडकका १९ पुलमध्ये चार पुल चार वर्ष अघि निर्माण गरिएको थियो। बाँकी १५ पुल एकैसाथ ठेक्का लगाइएको थियो। अन्य कतिपय निर्माण सम्पन्न भएका छन् भने कतिपय अन्तिम चरणमा छन्। यो पुल भित्तो भत्काउन नसक्दा काम थाल्न सकिएको छैन।

उनका अनुसार काली, नम्सी, रिग्दी, सिमलताल, भोर्ले, खोर, खहरे र जुगेडी पुल दुई महीनाभित्र सञ्चालनमा आउने छ। उनका अनुसार चारवटा एक महीनामैं सञ्चालनमा आउँछ। आठवटै पुल सञ्चालनमा ल्याउन दुई महीना लाग्छ। ती पुलको पहुँचमार्ग बनाउने र रङरोगनलगायत काम भइरहेको छ।

गत मङ्सिरमा डुम्रे, चिसेन्जी, तोपे र लामो बालुवाको पुल सञ्चालनमा आएको उनले जानकारी दिए। थप आठ पुल सञ्चालनमा आएपछि नयाँ बन्दै गरेका १५ पुलमध्ये दुईवटा मात्र बन्न बाँकी रहन्छ। आचार्यका अनुसार खहरेको पुल छ महीनाभित्र सञ्चालनमा आउने छ। यसपछि एउटा पुल मात्रै बाँकी रहने छ।

गतको हिउँदमा सडक रोकेर दुईवटा पुल बनाउन ढिस्को भत्काउन थालिएको थियो। सँगै भत्काउन थालिएको चिसेन्जी

(बाँकी चौथो पातामा)

# परालको होइन यो भुसको आगो हो

मन्तव्य



कुमारबन्धु रुपाखेती

**अचेल तीन तहको सरकारमध्ये स्थानीय तहको सरकारको स्तर गिर्दो छ। कतै शिक्षकलाई तलब नदिने, कतै कर्मचारी नियुक्त गर्ने तलब नदिने, शिक्षकलाई हेप्ने, जनतालाई नटेर्ने, स्थानीय जनप्रतिनिधिहरूको हेपाहा प्रवृत्तिविरुद्ध पालिकामा ढुङ्गामुढा, प्रतिनिधिको गाडी तोडफोड, हातपात, गोली चलाचल भइरहेको छ।**

एउटा हिन्दी गीत–इलु इलु क्या है, ये इलु इलु क्या है ? को अर्थ मैले आजसम्म बुझ्न सकेको छैन। तर अचेल म 'सचिवालय' के हो भन्ने बुझ्न तारन्तार प्रयास गरिरहेको छु। किनकि अस्ति महानगरपालिकामा छुटभैया नेताहरूको बथाने घम्साघम्सीपछि मेयर र उपमेयर दुवैले सचिवालयको हवाला दिंदै, सफाई पेश गर्दै आएका छन्। अहिले भने मेयर र उपमेयर दच्किंदै पर्दा पछाडि बसेर सचिवालयमार्फत जोरआजमाइस गर्न थालेका छन्। अनवरत प्रयासको नतीजास्वरूप मैले के बुझें भने राष्ट्रपति, प्रधानमन्त्री, मन्त्रीहरू आफ्नो कार्यव्यस्तता मिलाउन, विभिन्न विषयमा जानकारी लिन विज्ञहरूको एउटा समूहलाई सरकारी सुविधा, तलब दिनेगरी सचिवालय स्थापना गर्दा रहेछन्। गणतन्त्र आएपछि आजकाल पाएको सुविधा हसुर्न ऐरुगैरु नत्थुखैरुहरू समेत विज्ञको नाममा लडन्ते, भिडन्ते र मगन्तेहरूको जमात जम्मा गरी सचिवालय खडा गर्न थालेका छन्। हामी महानगरवासी भएर पनि मेयर उपमेयरको पनि सचिवालय हुँदो रहेछ भन्ने कुरा अस्तिको जोर आजमाइसपछि बल्ल थाहा पायौं। खाने–पिउने रामे, चोट पाउने च्यामे भनेझैं झगडाका असली साझेदार मेयर, उपमेयरको सट्टा तिनका सचिवालयले घटनाको चिरफार र बेलिविस्तार भ्रामक विज्ञप्ति जारी गरेर प्रकाशमा ल्याए। जगजाहेर छ यो विवाद रकमी हो। मान्नुस् वा नमान्नुस् हाम्रो महानगर भ्रष्टाचारशून्यको सट्टा भ्रष्टाचारमुखी र कमिशनतन्त्रमा टिकेको छ। 'लुट कान्छा लुट'को स्तरमा यहाँ 'मिशन कमीशन' हावी छ। भन्नेहरू त ६० र४० बिथोलिएपछि यो रँडाको मच्चिएको हो भन्छन्। पाठकहरूले ६० र ४० को अर्थ बुझ्नुभएकै होला। गणतान्त्रिक नेताहरूको व्यवहारले बिच्केको नेपाली जनता नेताहरूलाई इंगित गर्दै 'नायक नहीं खलनायक है तू' भनेको सरेआम सुनिन्छ। अस्ति बिहीवारको प्रतीक दैनिकमा मैले जनप्रतिनिधिहरूको कुटाइ–पिटाइको मौसम शुरू भएको लेखेको मात्र के थिएँ–कोशी प्रदेशमा एकजनाले ओलीबालाई झ्याप्प चडकाई हाले।

अचेल तीन तहको सरकारमध्ये स्थानीय तहको सरकारको स्तर गिर्दो छ। कतै शिक्षकलाई तलब नदिने, कतै कर्मचारी नियुक्त गर्ने तलब नदिने, शिक्षकलाई हेप्ने, जनतालाई नटेर्ने, स्थानीय जनप्रतिनिधिहरूको हेपाहा प्रवृत्तिविरुद्ध पालिकामा ढुङ्गामुढा, प्रतिनिधिको गाडी तोडफोड, हातपात, गोली चलाचल भइरहेको छ। प्रत्येक पालिकाको डरलाग्दो बेरूजु छ। जति ठूलो पालिका, त्यति नै ठूलो कमिशन, भ्रष्टाचार र बेरूजु देखिन्छ। धुर्बे हात्तीझैं बलशाली, विनाशकारी र ताण्डव नृत्य गर्ने वीरगंज महानगरको त क्या बात ! बेरुजु तीन अर्ब पुगेको छ। जनताको कर, सरकारी अनुदान यिनको बपौती हो र खैरात बाँडेको ? खाने मुखलाई जुँगाले छेक्दैन तथा वीरगंज महानगरपालिकालाई धनकुबेरको अड्डा भनिन्छ। जसको वार्षिक बजेट अर्बमा हुन्छ, त्यसलाई धनकुबेर नै भन्नुपर्छ। पैसा देखेपछि महादेवको पनि तेस्रो नेत्र खुल्छ भनेपछि एउटाले 'नपाउनेले केरा पायो, बोक्रैसुद्धा खायो' प्रवृत्ति देखाउन थालेपछि डाहा, छटपटी र विद्रोह हुने नै भयो। सङ्घीय सरकार त भागबन्डामा टिकेको छ भने नाथे स्थानीयमा एउटाले मात्र हसुर्न मिल्छ त ? भ्रष्टाचार र कमिशन इमानदारीपूर्वक भयो भने ठीक, भाइमारा र लुच्चगिरी पटक्कै बर्दास्त हुँदैन। एउटैले हिङ लगे न फिटकरी, रंग चोखा गर्न पाउँछ त ? यस झगडाले गर्दा विजय सरावगी फेसबूकमा चटखारा लिइरहेका छन्। अस्ति आफ्नाबीच सरावगीले व्यङ्ग्य गर्दै भने रे–अब म जेल जाने कि मेयर, सबै गलल्ल हाँसेका थिए रे। महानगरका दुई धुर्बेबीचको झगडा परालको आगोजस्तै सल्किंदै छ। यो लोग्ने–स्वास्नीबीचको झगडा परालको आगोजस्तो त होइन नि ! यो विकराल रूप धारण गर्ने भागबन्डा, अंशबन्डाको झगडा हो। अनि अंशियार इम्तियाज बिचरी शान्ति कार्कीजस्तो कहाँ हुन् र ! जेतरे आई ओहितरे फरियाई भन्ने खालका हुन्।

अनि राजेशमान पनि के कम ? ठाकुररामतिरबाट उनको हुल आउँछ भने यिनको स्वीमिङपुल कहिले काम लाग्छ ? ६० र ४० भन्दा त लडन्ते, भिडन्ते, मगन्ते पालेर निस्तेज गर्ने नीति लिन मेयर पनि बेर मान्ने देखिंदैनन्। खाईपाई मुस्तण्ड भएका केही चाटुकार वडा अध्यक्षहरूको साथ पनि छ मेयरलाई। त्यसैले सचिवालय–सचिवालयबीचको टक्कर भनिएको यो झगडा मलाई त वाहियात लागेको छ। हात हुँदाहुँदै मुखले किन कुरा गर्ने भन्ने यी दुवैको नीति नै छ। यसै पनि भनिएको छ, शरीरमा लागेको घाउ केही दिनमा निको हुन्छ, तर मुखले दिएको घाउ कहिले निको हुँदैन। भोलि फेरि कालेकाले मिलेर खाउँ भालेको परिस्थिति उत्पन्न हुन सक्ला, त्यसैले सधैंभरिका लागि घाउ लाउनुको साटो निको हुने घाउ नीतिमा जाँदा उपयुक्त। अस्ति यिनको हुलतन्त्रले यस्तै कुरा प्रमाणित पनि भइसक्यो। प्रहरीले पनि कति दिन पहरा दिने ?

## नगरसभा नहुँदा नगर ...

थियो भने निर्माण भएपछि पनि सञ्चालन हुन सकेको छैन। राजनीतिक खिचातानीका कारण अस्पताल अलपत्र परेपछि गाउँवासी महँगो एम्बुलेन्स शुल्क तिरेर अन्यत्र जान बाध्य भएको वडाध्यक्ष दिनेशराय यादवले बताए। "यहाँ कोही आकस्मिक बिरामी परेर उपचार गर्न एम्बुलेन्समा जनकपुर जानुपर्दा रु पाँच हजार, काठमाडौं जाँदा रु १६ हजार र मलङ्गवा जाँदा रु तीन हजार भाडा तिर्नुपर्छ, कमसेकम निर्माण भएको अस्पताल प्रयोगमा आए स्थानीयवासीलाई त्यति सास्ती हुने थिएन," उनले भने।

अस्पताल सञ्चालनका लागि आफूले गत आर्थिक वर्षमैं रु एक करोड बजेट विनियोजन गरे पनि नगरका जनप्रतिनिधिले सो बजेट चलाउन खोज्दा तत्कालीन प्रमुख प्रशासकीय अधिकृत वसन्त न्यौपानेमाथि दुर्व्यवहार गरिएकाले अस्पताल सञ्चालनमा आउन समय लागेको नगरप्रमुख विनोदकुमार साह तेलीले बताए। उनले चालू आवमा नगरसभा नै नभएर बजेट पारित नभएकाले अस्पताल सञ्चालन गर्न नसकिएको स्वीकार गरे।

"बजेट आउनासाथ चिकित्सकको व्यवस्था गरी अस्पताल सञ्चालन गर्ने योजना छ," नगरप्रमुख साहले भने, "प्रमुख प्रशासकीय अधिकृत नभएर चालू आर्थिक वर्षको नगरसभा गर्न नपाइएका कारण वार्षिक बजेट, नीति तथा कार्यक्रम ल्याउन पाइएन।" करीब १५ महीनाको अन्तरालमा सात प्रमुख प्रशासकीय अधिकृतको सरुवा भइसक्दा पनि चालू आर्थिक वर्षको नगरसभा हुन सकेको छैन।

## नारायणगढ–मुग्लिन सडक ...

खोलाको आडको ढिस्को भत्काएर पुलसमेत निर्माण गरिसकिएको छ। यो ठाउँमा ४० मिटर अग्लो ढिस्को भत्काएर पुल बनाइएको हो।

तुइनखोलाको ढिस्को भत्काउन नसकिएपछि विस्फोटका लागि प्रक्रियागत काम पूरा गर्न समय लागेकोले गत हिउँदमा नै विस्फोट गर्ने गृहकार्य गरिएको भए पनि काममा ढिलाइ भएको थियो। उनका अनुसार ढिस्को भत्काउन विस्फोटक पदार्थ ल्याउन अनुमति प्राप्त भइसकेको छ।

आयोजनाले विभाग हुँदै गृह मन्त्रालय, रक्षा मन्त्रालय, पुनः गृह मन्त्रालय भएर अन्तिम अनुमति भारतीय राजदूतावासबाट पाएको जनाइएको छ। विस्फोटक पदार्थ ल्याउन केही ढिलाइ हुने भएपछि अन्तिम प्रयासको रूपमा भत्काउने तयारी गरिएको हो।

विसं २०७६ चैत १० गतेदेखि पुल निर्माण थालिएको हो। पुलको लागत रु एक अर्ब २८ करोड छ। पछिल्लोपटक थप गरिएको म्याद यही पुस १० गते सकिंदै छ। अनक कन्सट्रक्शनले पुलको ठेक्का पाएको थियो। यो राजमार्गलाई एशियाली विकास बैंक (एडिबी)को सहयोगमा एशियन मापदण्ड अनुसार बनाइएको हो। पुलहरू ११ मिटर चौडा छन्।

सडक विस्तार गरेसँगै नौदेखि ११ मिटर फराकिलो बनेको छ। राजधानी बाहिरिने र भित्रिने प्रमुख सडकका रूपमा यो सडक रहेको छ। यो सडक हुँदै दैनिक १० हजारभन्दा बढी सवारीसाधन आवतजावत गर्छन्।

## जनकपुरधाममा ...

मन्दिर पुर्‍याएर आरती पूजन गरिन्छ। त्यसपछि राममन्दिरको डोला लावालस्करका साथ राममन्दिर फर्कने गर्छ भने त्यसै रात मिथिला परम्परा अनुसार भगवान् रामचन्द्र र माता जानकीको वैवाहिक कार्यक्रम सम्पन्न हुन्छ।

अहिले विवाह महोत्सवमा सहभागी हुन आउने पर्यटकका कारण जनकपुरका होटल, लज र धर्मशालाहरू भरिभराउ छन्। साथै भक्तजनको सुविधाका लागि स्थानीय सङ्घसंस्थाहरूले ठाउँठाउँमा बासको प्रबन्धका लागि पन्डाल निर्माण गरिदिएका छन्।

खासगरी नेपाल तथा भारतका विभिन्न भूभागबाट ठूलो सङ्ख्यामा तीर्थयात्रीहरू जनकपुरधाम आउने क्रम विगत दुई दिनदेखि जारी छ।

अघिल्ला वर्षमा महोत्सवमा सहभागी हुन देशविदेशका विशिष्ट राजनीतिक व्यक्तित्वलाई पनि आमन्त्रित गर्ने गरिन्थ्यो। विशिष्ट व्यक्तिहरूको आगमन हुँदा सर्वसाधारण श्रद्धालुलाई महोत्सव मनाउन समस्या हुने गरेको हुँदा यस वर्ष विशिष्ट अथितिलाई ननिमत्याएको जानकी मन्दिरका छोटे महन्त रामरोशन दास वैष्णवले बताए।

**प्रदेशमा सार्वजनिक बिदा**

सीताराम विवाह पञ्चमी महामहोत्सवको अवसरमा मधेस प्रदेश सरकारले आइतवार सार्वजनिक बिदा दिएको थियो। प्रदेशको पात्रो अनुसार साताव्यापी विवाहपञ्चमी महोत्सवमा बिदा दिइने उल्लेख भए अनुसार बिदा दिइएको हो।

प्रदेश सरकारका मुख्यमन्त्री सरोजकुमार यादवले विवाहपञ्चमीको अवसरमा जनकपुरधाममा पाल्ने श्रद्धालु भक्तजनहरूलाई माता र प्रभुको आशीर्वाद मिलोस् भन्दै शुभकामना व्यक्त गरे।

**मदिरा र मासु बिक्रीमा रोक**

जनकपुरधाममा श्रीसीताराम विवाहपञ्चमी महोत्सवको अवसरमा तीन दिनसम्म मदिरा तथा माछा/मासु बिक्री वितरणमा रोक लगाइएको छ।

जिल्ला प्रशासन कार्यालय, धनुषाले एक सूचना जारी गर्दै मङ्सिर २८ गते राति १२ बजेदेखि पुस १ गते राति १२ बजेसम्म मदिरा तथा माछा/मासुको बिक्री वितरणमा रोक लगाएको हो।

सप्ताहव्यापी विवाहपञ्चमी महोत्सवलाई सुरक्षित, मर्यादित र सौहार्दपूर्ण वातावरणमा मनाउनका लागि जिल्ला सुरक्षा समितिको बैठकले यस्तो निर्णय गरेको प्रशासकीय अधिकृत विश्वविजय शर्माले जानकारी दिए। यस अवधिमा जनकपुरधामको परिक्रमा क्षेत्रभित्र र परिक्रमा सडकको दायाँबायाँ मदिरा बिक्री वितरण, सेवन तथा पशुपक्षी काट्न, माछा, मासु बिक्री वितरण, ओसारपसार गर्न निषेध गरिएको प्रमुख जिल्ला अधिकारी चक्रपाणि पाण्डेले बताए।

**खाद्यान्नबाट विशाल राम र सीताको आकृति**

श्रीसीताराम विवाहपञ्चमी महामहोत्सवमा जनकपुरधामको बाऱ्ह बिघा रङ्गभूमि मैदानमा खाद्यान्नबाट भगवान् राम, सीताको स्वयंवरको ११ हजार ११ वर्गफिटको विशाल आकृति बनाइएको छ। भगवान् रामसीतासँगै राजर्षि जनक तथा विश्वामित्रको पनि आकृति निर्माण गरिएको छ।

खाद्यान्नबाट बनाइएको आकृतिको उचाई १२१ फिट र चौडाइ ९१ फिटको रहेको श्रीसीताराम अनाज प्रतिमा निर्माण समितिका संयोजक एवं जनकपुरधाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष जीतेन्द्र महासेठले जानकारी दिए। आकृतिको निर्माणमा ११ प्रकारका खाद्यान्न प्रयोग गरेर १०२ क्विन्टल प्रयोग भएको संयोजक महासेठले बताए। यसमा चामल, गहुँ, भटमास, चना, मुम्फली, मुंग, रहरको दाल, मकै, रहरको दाल, मसुरोको दाल र मासको दाल प्रयोग गरिएको छ।

सप्ताहव्यापी विवाहपञ्चमी महोत्सवको रौनकतालाई अन्नबाट निर्माण गरिएको सीतारामको प्रतिमाले झनै बढाएको छ। विश्व रेकर्ड स्थापित गर्ने उद्देश्यले निर्माण गरिएको सो प्रतिमालाई शनिवारबाट सर्वसाधारणको अवलोकनका लागि समेत खुला गरिएको छ।

यो प्रतिमाको निर्माण ११ पटक अन्नकै प्रतिमा बनाएर विश्व रेकर्ड बनाएका भारतको मध्यप्रदेशका सतीश गुज्जरले गरेका हुन्।

कोरोना महामारीको समयदेखि अन्नको प्रतिमा निर्माण गर्न शुरू गरेका गुज्जरले नेपाल–भारतको साझा संस्कृतिलाई प्रचारप्रसार गर्ने उद्देश्यले विनापारिश्रमिक यो प्रतिमाको निर्माण गरेको बताए।

भारतीय कलाकारले निर्माण गरेको यो प्रतिमाले नेपाल–भारतको साझा संस्कृतिलाई दर्शाएको वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासका महावाणिज्यदूत देवीसहाय मिणाको भनाइ छ।

पछिल्लोपटक भारतको अयोध्यामा अन्नबाटै प्रतिमा निर्माण गरेर विश्व रेकर्ड बनाएका सतीश गुज्जरकै टीमले आफ्नै रेकर्ड तोड्ने उद्देश्यले निर्माण गरिएको यो प्रतिमाले जनकपुरधामको पर्यटनलाई बढावा दिन मदत गर्ने जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहले बताए।

# 'भूमण्डलीकरणको बहुआयामिक दबाब छिचोल्ने शिक्षा प्रणाली चाहिन्छ'

काठमाडौं, १ पुस/रासस

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले भूमण्डलीकरणको बहुआयामिक दबाब छिचोल्ने शिक्षा प्रणाली चाहिएको बताएका छन्।



तस्वीरः रासस

महोत्तरीको बर्दिवासमा अवस्थित जनता मावि गौरीडाँडाको स्वर्णजयन्ती समारोहमा प्रम प्रचण्डले २१औं शताब्दीको डिटिजल युगमा नेपालजस्ता देशहरू भूमण्डलीकरणको बहुआयामिक दबाबमा परेको बताए। आधारभूत तहदेखि नै पाठ्यक्रममा युगसापेक्ष गुणात्मक परिमार्जन आवश्यक रहेको प्रम प्रचण्डले बताएको उनको सचिवालयले जनाएको छ।

प्रमले भने, "२१औं शताब्दीको डिटिजल युगमा नेपालजस्ता विकासशील देशहरू भूमण्डलीकरणको बहुआयामिक दबाबमा पर्दै आएका छन्। तसर्थ आधारभूत तहदेखि नै हाम्रो पाठ्यक्रममा युगसापेक्ष गुणात्मक परिमार्जन राष्ट्रिय अनिवार्यता बन्न पुगेको छ। हाम्रो शिक्षाले देशभक्तिपूर्ण भावना, समाजप्रतिको उत्तरदायित्व, विज्ञानसम्मत प्रगतिशील सोच र दृष्टिकोण, आत्मनिर्भर जनशक्ति उत्पादन गर्न सक्नुपर्छ।"

समुदायको आफ्नै पहल, लगानी र संरक्षकत्वमा स्थापित यस विद्यालयले आफ्नो जीवनको आधा शताब्दीको शैक्षिक यात्रा पूरा गरेकामा प्रधानमन्त्रीले धन्यवाद दिए।

अभिभावकको सहभागिता, शिक्षकहरूको सहजीकरण, स्थानीय सरकारको सहयोग र विद्यालय व्यवस्थापन समितिको नेतृत्वमा 'शिक्षा सम्मेलन २०८०' सम्पन्न गरेकामा प्रधानमन्त्रीले प्रसन्नता व्यक्त गरे।

"तपाईंहरूले यस विद्यालयलाई २१औं शताब्दीको विश्वव्यापी प्रतिस्पर्धा एवं युगसापेक्ष गुणस्तरीय शिक्षा प्रदान गर्ने हेतुले 'बृहत् सामुदायिक विद्यालय'को मोडेलमा नमूना विद्यालयलाई अझ परिष्कृत गर्दै लैजाने १० वर्षे रणनीतिसमेत तयार पारेकोसमेत मलाई जानकारी छ। मलाई विश्वास छ, उक्त रणनीतिमा आधारित रहेर देशभक्तिपूर्ण भावनाले ओतप्रोत, आत्मनिर्भर, स्वरोजगारमुखी प्राविधिक शिक्षामा यहाँहरूले अपेक्षित सफलता हासिल गर्नुहुनेछ," प्रम प्रचण्डले भने।

"शिक्षा आर्जन गर्नुको अर्थ आफ्नो व्यक्तिगत जीवनको सफलताको एउटा महत्त्वपूर्ण आयाम त हो नै, तर त्यो मात्रै सम्पूर्ण चीज होइन। आजको एक विद्यार्थी भोलिको देशको कर्णधार, नीति निर्माता र कार्यान्वयनकर्ता पनि हो," प्रधानमन्त्रीले भने।

शिक्षाले देश भक्तिको भावना, समाजप्रतिको उत्तरदायित्व, विज्ञानसम्मत प्रगतिशील सोच र दृष्टिकोण, आत्मनिर्भर जनशक्ति उत्पादन गर्न सक्नुपर्ने उनको जोड छ। सङ्घीय लोकतान्त्रिक प्रणाली, हाम्रो संविधानको व्यवस्था र नवीनतम परिस्थितिलाई मध्यनजर गर्दै शिक्षामा गुणात्मक रूपान्तरण गर्नु देशको महत्त्वपूर्ण कार्यभार भएको प्रधानमन्त्रीले उल्लेख गरे।

जनता, अभिभावक र सरोकारवाला निकाय एवं पक्षले उठाएका जायज र न्यायपूर्ण माग र मुद्दाहरूलाई सम्बोधन गर्दै उक्त विधेयकलाई संसद्बाट पारित गराइ छिटोभन्दा छिटो कार्यान्वयनमा ल्याउन सरकार प्रतिबद्ध रहेको प्रधानमन्त्रीको प्रस्टोक्ति छ।

## २७ दशमलव ७५ अङ्कले बढ्यो नेप्से परिसूचक

काठमाडौं, १ पुस/रासस

यो साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक २७ दशमलव ७५ अङ्कले बढेको छ। आइतवार एक दशमलव ३९ प्रतिशतले बढेसँगै नेप्से परिसूचक दुई हजार २२ दशमलव ३५ अङ्कको बिन्दुमा कायम भएको हो।

आज २९५ कम्पनीका एक करोड ७१ लाख ६६ हजार ४६५ कित्ता शेयर एक लाख एक हजार १२८ पटक खरीद–बिक्री हुँदा रु पाँच अर्ब १५ करोड ७८ लाख ४६ हजार ९७९ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

बैंकिङ समूहको उपसूचक शून्य दशमलव ६७, म्यूचुअल फन्ड शून्य दशमलव ४२ र व्यापार समूह शून्य दशमलव २३ प्रतिशतले घटेका छन् भने अरू सबै समूहका उपसूचक बढेका छन्। सबैभन्दा धेरै जलविद्युत् समूह पाँच दशमलव ५५ र लगानी समूह तीन दशमलव १२ प्रतिशतले बढेका छन्।

११ वटा कम्पनीका शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ। ह्याथवे इन्भेस्टमेन्ट नेपाल लिमिटेड, श्री स्टार हाइड्रोपावर लिमिटेड, रावा इनर्जी डेभलपमेन्ट लिमिटेड, बोटलर्स नेपाल (बालाजु) लिमिटेड, भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेड र सगरमाथा जलविद्युत् कम्पनीका शेयर मूल्यमा सकारात्मक सर्किट लागेको हो। त्यस्तै, विन्ध्यवासिनी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड, दोर्दीखोला जलविद्युत् कम्पनी लिमिटेड, बलेफी हाइड्रोपावर लिमिटेड, शिवश्री हाइड्रोपावर लिमिटेड र रिदी पावर कम्पनी लिमिटेडका शेयर मूल्य १० प्रतिशतले बढेका छन्। आजको कारोबारमा सबैभन्दा धेरै हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य छ दशमलव ७७ प्रतिशतले घटेको छ।

कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा धेरै हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेडको रु २५ करोड १२ लाख ९० हजार ७४६ बराबरको १७ लाख ८० हजार ६३५ कित्ता शेयर किनबेच भएका छन्।

# अन्तर्राष्ट्रिय समाचार

## लिबियामा पछिल्लो आप्रवासी त्रासदीमा ६१ जनाको मृत्यु भएको आशङ्का

त्रिपोली, १ पुस/एएफपी

उत्तरी अफ्रिकामा पछिल्लो त्रासदीमा लिबियाको तटमा डुङ्गा डुब्दा कम्तीमा ६१ आप्रवासी बेपत्ता भएका वा उनीहरूको

तस्वीर: फाइल



मृत्यु भएको अनुमान गरिएको आप्रवासीका लागि अन्तर्राष्ट्रिय सङ्गठन (आइओएम) ले शनिवार बताएको छ।

आइओएमको लिबिया कार्यालयले एएफपीलाई दिएको विज्ञप्तिमा भनिएको छ–"लिबियाको उत्तरपश्चिमी तटमा जुवाराबाट प्रस्थान भएपछि आप्रवासीहरू चढेको डुङ्गा उच्च छालका कारण डुबेर उनीहरूको मृत्यु भएको विश्वास गरिएको छ।"

जीवितहरूलाई उद्धृत गर्दै नाइजेरिया, गाम्बिया र अन्य अफ्रिकी मुलुकहरूबाट महिला र बालबालिकासहित करीब ८६ आप्रवासी उक्त डुङ्गामा सवार रहेको आइओएमले विज्ञप्तिमा उल्लेख गरेको छ। "२५ जनाको उद्धार गरी लिबियाको हिरासत केन्द्रमा सारिएको छ"–आइओएमले भनेको छ। जीवित सबैको अवस्था राम्रो रहेको र उनीहरूलाई आइओएमका कर्मचारीबाट चिकित्सा सहयोग प्राप्त भएको पनि विज्ञप्तिमा उल्लेख छ।

इटाली हुँदै युरोप पुग्ने अपेक्षामा खतरनाक समुद्री यात्राको जोखिम उठाउने आप्रवासीहरूका लागि लिबिया र ट्युनिशिया प्रमुख प्रस्थान विन्दु हुन्। संयुक्त राष्ट्रसङ्घीय एजेन्सी आइओएमका अनुसार यस वर्ष ट्युनिशिया र लिबियाबाट १५३ हजारभन्दा धेरै आप्रवासी इटाली पुगेका छन्।

इटालीका अतिदक्षिणपन्थी प्रधानमन्त्री जियोर्जिया मेलोनीले अवैध आप्रवासन रोक्ने वाचा गरेपछि गत वर्ष निर्वाचन जितेका थिए। मेलोनीको कट्टर–दक्षिणपन्थी सरकारले उत्तरी अफ्रिकाबाट खतरनाक समुद्री यात्रा गर्ने मानिसहरूलाई बचाउने परोपकारी जहाजहरूको गतिविधिमाथि प्रतिबन्ध लगाउन धेरै उपाय लिएको छ।

अवैध आप्रवासनसँग सामना गर्ने उनको दृष्टिकोणलाई शनिवार रोमको भ्रमणका क्रममा बेलायती प्रधानमन्त्री ऋषि सुनकले पनि प्रशंसा गरेका छन्। दुवै नेताले आआफ्ना मुलुकका तटहरूमा आप्रवासी डुङ्गाको अवतरण रोक्ने र मानव तस्करहरूविरुद्ध लड्ने प्रयासलाई तीव्रता दिने वाचा गरे।

संयुक्त राष्ट्रसङ्घले केन्द्रीय भूमध्यसागरीय आप्रवासन मार्गलाई संसारको सबैभन्दा घातक मानेको छ। उक्त मार्गबाट प्रत्येक वर्ष सयौं मानिसको ज्यान जाने गरेको छ। आइओएमका प्रवक्ता फ्लाभियो डि जियाकोमोले शनिवार सामाजिक सञ्जाल एक्समा लेखेका छन्– "यस वर्ष केन्द्रीय भूमध्यसागरीय मार्गमा २,२५० भन्दा बढीको मृत्यु भएको छ, यो नाटकीय तथ्याङ्कले समुद्रमा जीवन बचाउन पर्याप्त काम भइरहेको छैन भन्ने देखाउँछ।"

लिबियाबाट इटाली हुँदै ७५० सवार माछा मार्ने डुङ्गा एड्रियाना जून १४ मा दक्षिणपश्चिम ग्रीसको अन्तर्राष्ट्रिय जल क्षेत्रमा डुबेको थियो। उक्त दुर्घटनामा बाँचकाहरूका अनुसार डुङ्गामा मुख्यरूपमा सिरियाली, पाकिस्तानी र इजिप्टेली सवार थिए। तीमध्ये १०४ जना मात्र बाँच्न सफल भए। ८२ शव फेला पर्‍यो।

नाटो समर्थित विद्रोहमा लिबियामा तानाशाह मुअम्मर गद्दाफीलाई सत्ताच्युत गरी हत्या गरिएपछिको एक दशकभन्दा धेरै समयदेखि जारी हिंसाले मुलुकलाई मानव तस्करहरूका लागि उर्वर भूमिमा परिणत गर्न सहयोग गरेको छ। रासस

## वीरगंजमा विभिन्न संस्थाले महेन्द्र जयन्ती मनाए

प्रस, वीरगंज, १ पुस/

१०४औं महेन्द्र जयन्ती वीरगंजमा विभिन्न कार्यक्रम गरी मनाइएको छ।




जयन्तीको अवसरमा राष्ट्र जोगाऔं र महेन्द्रवादलाई जर्गेना गरौं भन्ने नाराका साथ पूर्वराजा स्व महेन्द्रको १०८औं जयन्ती राष्ट्रिय सरोकार मञ्च नेपाल, नारायणीले नगर सभागृहमा रहेको पूर्वराजा स्व महेन्द्रको सालिकमा माल्यार्पण गरी मनाएको थियो। सो अवसरमा मञ्च नारायणीका संयोजक नन्दकिशोर गोयलले पूर्वराजा शाहले २०१७ सालमा चालेको कदम जस्तै पूर्वराजा ज्ञानेन्द्र शाहले पनि कदम चाल्नुपर्ने बताए। उनले देश र जनतालाई शान्ति, सुरक्षा प्रत्याभूति गर्नका लागि पूर्वराजा ज्ञानेन्द्र शाहले महेन्द्रले चालेको कदम चाल्नै पर्ने जिकिर गरे।

कार्यक्रममा मञ्चका कमल घिमिरे, मकबुल मियाँ, उपेन्द्रकुमार बरै, महेन्द्र साह, चन्दनकुमार साह, सुमेश कुमार, सजदेव साह, शैलेश पटेल, किशोरीराउत कुर्मी, सन्नी साहलगायतले पूर्वराजाको सालिकमा माल्यार्पण गर्दै उनका जीवनीका बारेमा चर्चा गरेको प्रेस संयोजक प्रणय कुमारले बताए।

यसैगरी, नेपाल राष्ट्रवाद सङ्घ र नेपाल विद्वत् परिषद्को आयोजनामा १०८औं महेन्द्र जयन्ती तथा अस्तुबोध



दिवसको अवसरमा घण्टाघरबाट बाजागाजासहित ¥याली निकालिएको थियो। नगरपरिक्रमा गरी ¥याली सोही ठाउँमा कोणसभा गरी समापन भएको थियो। सङ्घका अध्यक्ष जनकलाल साहको अध्यक्षतामा भएको कार्यक्रममा सङ्गीता साह, उमाशङ्कर कलवार, पृथ्वी झा, राजेन्द्र पाल, हरेराम रौनियार, राधाकृष्ण चौहान, शम्भु घिमिरे, किरण डङ्गोल, अन्नु राणा, त्रिभुवन गिरीलगायतको सहभागिता थियो।

यसैगरी, नेपाल देशभक्त, राजभक्त समूहले महावीर मन्दिर प्राङ्गणमा जयन्ती मनाएको छ। पूर्वराजा शाहको फोटोमा माल्यार्पण गरेर अध्यक्ष दीपेन्द्र रौनियार, पशुपति विक्रम शाह, उषा शाह, वीरेन्द्र थापा, सतीश श्रीवास्तव, विनीत महतो, महेन्द्र साह, सुशील लामालगायतले मन्तव्य व्यक्त गरेका थिए।

## अर्जेन्टिनामा आँधीले क्लबको छाना खस्दा १३ को मृत्यु




ब्युनस आयर्स, १ पुस/एएफपी

अर्जेन्टिनाको बन्दरगाह शहर बहिया ब्लाङ्कामा शनिवार शक्तिशाली आँधीमा परी खेलकूद क्लबको छाना खस्दा कम्तीमा १३ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन्।

मेयर कार्यालयको सूत्रका अनुसार भारी वर्षा र हावाका कारण स्केटिङ प्रतियोगिता भइरहेको बहिया ब्लाङ्काको छत खसेको थियो। "दुर्भाग्यवश आपत्कालीन सेवाले बहिन्से डेल नोर्टे क्लबमा १३ जनाको मृत्यु भएको पुष्टि गरेको छ"–नगरपालिकाले विज्ञप्तिमा भनेको छ। अग्निनियन्त्रकहरूले भग्नावशेषमुनि फसेका मानिसको उद्धारका लागि काम गरिरहेको पनि नगरपालिकाले जनाएको छ।

उक्त शहरमा १४० किलोमिटर प्रतिघन्टाभन्दा पनि बढी वेगले हावा चलेको बताइएको छ। तीव्रगतिको हावा आएसँगै केही भागमा बिजुलीसमेत गएको थियो। रासस

**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

## सिमेन्ट उद्योग बन्द हुँदा पाँच सय मजदूर बेरोजगार

पर्सा, १ पुस/रासस

बारा–पर्सा औद्योगिक कोरिडोरमा सञ्चालित चारवटा सिमेन्ट उद्योग बन्द हुँदा त्यहाँ कार्यरत पाँच सयभन्दा बढी मजदूर बेरोजगार भएका छन्। आर्थिक मन्दीका कारण देशकै सबैभन्दा ठूलो आर्थिक कोरिडोरमा सञ्चालित इन्टरनेशनल सिमेन्ट, विश्वकर्मा सिमेन्ट, कृष्ण सिमेन्ट र आरएमसी सिमेन्टले उत्पादन बन्द गरेपछि त्यहाँ कार्यरत मजदूर र कर्मचारी बेरोजगार भएका हुन्।

कोरिडोरमा सञ्चालित १२ वटा उद्योगमध्ये चारवटा बन्द भएका छन्। बाँकी उद्योग पनि बन्द हुने अवस्थामा पुगेको वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष एवं श्री सिमेन्ट उद्योगका सञ्चालक अनिल अग्रवालले जानकारी दिए। उनले बैंकहरूको बढ्दो ब्याज, पूर्वाधार विकासको निर्माणमा कमी र भएको निर्माण कार्यको भुक्तानी नगरिएका कारण समस्या उत्पन्न भएको हो। सिमेन्टको माग घट्दै गएकाले पनि उद्योगहरू बन्द भएका अध्यक्ष अग्रवालले बताए।

भारतले नेपाली सिमेन्ट उद्योगलाई निश्शुल्करूपमा उपलब्ध गराउँदै आएको खरानीमा प्रतिटन रु एक हजार कर लिंदै आएको छ। यसतर्फ सरकारको ध्यान जान आवश्यक भएको उनको भनाइ छ। नेपाली सिमेन्ट उद्योगले वर्षौंदेखि माग गर्दै आएको भारतीय गुणस्तर चिह्न बिआइएस दिलाउन सरकारले पहल गरे नेपाली सिमेन्ट भारत निर्यात गर्न सकिने तथा यसले उद्योगलाई फाइदा पुग्ने उद्योगीहरूको भनाइ छ।

## पाँच महिनामा तीन खर्ब ८३ अर्ब आम्दानी, चार खर्ब ५२ अर्ब खर्च

काठमाडौं, १ पुस/रासस

चालू आर्थिक वर्ष २०८०/८१ का लागि सरकारले ल्याएको वार्षिक बजेट कार्यान्वयनको अवस्था हेर्दा अपेक्षाकृत उपलब्धि हासिल हुन नसकेको देखिएको छ। महालेखा नियन्त्रक कार्यालयको दैनिक बजेटरी तुलनात्मक विश्लेषण अनुसार गत मङ्सिर मसान्तसम्ममा सरकारले गरेको आम्दानीभन्दा खर्च बढी देखिएको छ। यो अवधिसम्ममा वार्षिक लक्ष्यको २६ दशमलव ०७ प्रतिशत आम्दानी भएको छ भने २५ दशमलव ८७ प्रतिशत खर्च भएको छ।

चालू आवका लागि सरकारले कुल रु १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख बराबरको बजेट ल्याएको थियो। मङ्सिर मसान्तसम्म आइपुग्दा सरकारको बजेट खर्च रु चार खर्ब ५२ अर्ब ९९ करोड ५७ लाख अर्थात् वार्षिक लक्ष्यको २५ दशमलव ८७ प्रतिशत रहेको छ। महालेखा नियन्त्रक कार्यालयका अनुसार पहिलो पाँच महीना अवधिमा चालू खर्च ३१ दशमलव ५३, पूँजीगत खर्च ११ दशमलव ९४ र वित्तीय व्यवस्थातर्फको खर्च १८ दशमलव ५२ प्रतिशत छ।

चालू आर्थिक वर्षका लागि चालू शीर्षकमा रु ११ खर्ब ४१ अर्ब ७८ करोड ४१ लाख बराबरको बजेट ल्याइएकामा मङ्सिर मसान्तसम्ममा रु तीन खर्ब ५९ अर्ब ९९ करोड ५७ लाख बराबर खर्च भएको छ। पूँजीगत शीर्षकमा रु तीन खर्ब दुई अर्ब सात करोड ४४ लाख बराबरको वार्षिक बजेट रहेकामा हालसम्म रु ३६ अर्ब छ करोड तीन लाख बराबर मात्रै खर्च भएको छ। त्यस्तै, वित्तीय व्यवस्था शीर्षकमा रु तीन खर्ब सात अर्ब ४५ लाख ३६ हजार बराबर वार्षिक विनियोजन रहेकामा हालसम्म रु ५६ अर्ब ९३ करोड ९७ लाख बराबर खर्च भएको छ।

चालू आवको पहिलो पाँच महीना अवधिमा सरकारको राजस्व सङ्कलन पनि लक्ष्य अनुसार हुन सकेको देखिंदैन। चालू आवका लागि कुल रु १४ खर्ब ७२ अर्ब ४८ करोड ४७ लाख बराबर राजस्व उठाउने सरकारी लक्ष्य रहेकामा हालसम्म वार्षिक लक्ष्यको २६ दशमलव ०७ प्रतिशत अर्थात् रु तीन खर्ब ८३ अर्ब ९२ करोड ४२ लाख बराबर मात्रै राजस्व सङ्कलन भएको छ। यो अवधिसम्मको सरकारको आय–व्ययको विश्लेषण गर्दा आम्दानीको तुलनामा रु ६९ अर्ब सात करोड १५ लाख बढी खर्च भएको छ। अर्थात् पाँच महीना अवधिमा रु ६९ अर्बभन्दा बढीको बजेट घाटा सरकारले बेहोरेको छ।

सरकारले चालू आवमा कर राजस्वतर्फ रु १३ खर्ब पाँच अर्ब ४७ करोड ९६ लाख र गैरकर राजस्वतर्फ रु एक खर्ब १७ अर्ब छ करोड २१ लाख बराबर सङ्कलन गर्ने उद्देश्य राखेको छ। त्यस्तै, रु ४९ अर्ब ९४ करोड ३० लाख बराबर वैदेशिक अनुदान उठाउने सरकारी लक्ष्य छ। चालू आर्थिक वर्षको सुरुआती पाँच महीना अवधिमा कर राजस्व सङ्कलन वार्षिक लक्ष्यको २५ दशमलव ८३ प्रतिशत अर्थात् रु तीन खर्ब ३७ अर्ब १८ करोड ६७ लाख छ भने गैरकर राजस्व सङ्कलन वार्षिक लक्ष्यको २२ दशमलव ४२ प्रतिशत अर्थात् रु २६ अर्ब २४ करोड २५ लाख बराबर छ। चालू आवको मङ्सिर मसान्तसम्ममा सरकारले रु दुई अर्ब ७५ करोड ८० लाख बराबर वैदेशिक अनुदान लिएको छ।

## अढाई हजार किलो प्याज बरामद

प्रस, वीरगंज, १ पुस/

बारा प्रहरीले पथलैयाबाट दुई हजार पाँच सय किलो प्याज बरामद गरेको छ। जिप्रका, बाराका प्रहरी प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले बिलबीजकभन्दा बढी लोड गरेको पिकअपबाट प्याज बरामद गरिएको उनले बताए। प्र २-०४-००१ च ००८४ पिकअपलाई मङ्सिर २९ गते राति ११ बजे पथलैयामा चेकजाँच गर्दा प्याज बरामद भएको उनले बताए।

# सङ्कल्प यात्रा पार्टी विशेषको होइन –महासचिव पोखरेल

प्रस, वीरगंज, १ पुस/

एमालेका महासचिव शङ्कर पोखरेलले एमालेले सञ्चालन गरेको झुलाघाट–


तस्वीरः सौजन्य

चिवाभन्ज्याङ समृद्धिका लागि सङ्कल्प यात्रा सिङ्गो नेपालकै सङ्कल्प यात्रा बनेको बताएका छन् ।

मङ्सिर १४ गते महाकाली नदीको किनार झुलाघाटबाट शुरू भएको यात्रा आइतवार दिउँसो पाँचथरको चिवाभन्ज्याङमा समापन कार्यक्रममा महासचिव पोखरेलले सङ्कल्प यात्रा कुनै पार्टीविशेषको यात्रा मात्र नभएको बताए ।

यात्रा एमालेको नेतृत्वमा आयोजना गरिएको भएपनि राष्ट्रको सङ्कल्प यात्रा बन्न पुगेको दाबी गरे ।

यतिबेला जनताले गठबन्धनको विकल्प खोजेको यात्राका क्रममा अनुभूत भएको पोखरेलले बताए । उनले भने, "यात्राका क्रममा हामीले मुलुकमा राजनीति परिवर्तनप्रति अनास्था र अविश्वास पैदा गर्ने प्रवृत्तिमाथि विजय हासिल गरेको र गठबन्धन सरकारका असफलता र अकर्मण्यताको विरुद्धमा जनताले सही विकल्पको चाहना राखेको अनुभूत गरेका छौं ।

यात्राको क्रममा पार्टी अध्यक्ष केपी शर्मा ओलीमाथि बालबालिकादेखि वृद्धवृद्धाले उच्च सम्मान व्यक्त गरेको उनले बताए । यात्राको क्रममा जनताको माया, सल्लाह र सुझाव ग्रहण गर्ने अवसर मिलेको उनको भनाइ थियो ।

लाखौंलाख नेपाली जनतासँग प्रत्यक्ष संवाद गर्दै जनताका अनुभव, समस्या र अपेक्षा बुझ्ने अवसर यात्राले दिएको उनले बताए । एमाले अध्यक्ष ओलीको नेतृत्वमा मुलुकले समृद्धिको यात्रा अघि बढ्छ भन्ने विश्वास यात्राको क्रममा जाहेर भएको दाबी गरे ।

देश र जनतालाई केन्द्रबिन्दुमा राखेर समृद्धिका लागि सङ्कल्प यात्रा आरम्भ गरिएको र यस मानेमा यात्रा पूर्णरूपमा सफल रहेको महासचिव पोखरेलले दाबी गरे ।

यात्राको माध्यमबाट नेपाललाई कमजोर बनाउने प्रवृत्तिका विरुद्ध जनतालाई एकताबद्ध बनाउने उद्देश्य पनि सफल भएको उनले बताए ।

मध्यपहाडको आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक अवस्था तथा उद्योग, पर्यटनलगायतको सम्भावना बुझ्न एमाले अध्यक्ष ओलीको नेतृत्वमा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्षहरू, उपमहासचिवहरू, सचिवहरू, स्थायी कमिटी, पोलिटब्युरो, केन्द्रीय कमिटी सदस्यहरू, प्रदेश कमिटीलगायतका एमाले नेताहरू, प्राविधिक, विज्ञ सम्मिलित टोली यात्रा गरेको थियो । बैतडीको झुलाघाटस्थित महाकाली नदी किनारबाट मङ्सिर १४ गते शुरु भएको यात्रा आज पाँचथरको चिवाभन्ज्याङ पुगेर सम्पन्न भएको हो ।

# खेलकूदको संसार

## नेपालका सुवासले इन्डियन गल्फ च्याम्पियनशिपको उपाधि जिते

काठमाडौं, १ पुस/रासस

नेपालका नम्बर एक एमेच्योर गल्फर सुवास तामाङले भारतको प्रतिष्ठित आइजियु १२२औं एमेच्योर गल्फ च्याम्पियनशिप अफ इन्डियाको उपाधि हात पारेका छन् ।


तस्वीरः सौजन्य

रोयल कोलकाता गल्फ क्लबमा म्याच–प्ले फरम्याटमा खेलिएको ३६–होलको फाइनल खेलमा सुवासले भारतीय खेलाडी रोहितलाई पराजित गर्दै उपाधि जितेका हुन् । ३६ होलको फाइनल खेलमा २९औं होलमा नौ होलको अग्रता बनाएपछि सुवासले उपाधि पक्का गरेका हुन् ।

सुवासले शनिवार भएको खेलमा दक्षिण अफ्रिकाका एल्टिन भान डर मर्वलाई पराजित गर्दै फाइनलमा पुगेका हुन् । नेपालमा भएको १३औं दक्षिण एशियाली खेलकूद प्रतियोगितामा सुवास दोहोरो स्वर्ण पदक विजेतासमेत हुन् ।

नेपाल ओलम्पिक कमिटीबाट सन् २०२४ को पेरिस ओलम्पिक गेम्सका लागि छात्रवृत्ति प्राप्त गरेका सुवास विगत दुई वर्षदेखि भारतको बैंगलुरुस्थित तरुण सरदेसाई एकेडेमीमा प्रशिक्षणरत रहेका छन् ।

## गुप्ता मञ्चको अध्यक्ष

प्रस, वीरगंज, १ पुस/

राष्ट्रिय सरोकार मञ्च नेपाल, जिल्ला कार्यसमिति पर्साको आइतवार भएको भेलाले राजकुमार गुप्ताको अध्यक्षतामा ३१ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ ।

गत मङ्सिर १३ गते विघटन गरिएको पर्सा जिल्ला कार्यसमिति आज नयाँ कार्यसमिति चयन गरिएको नगर अध्यक्ष उपेन्द्रकुमार बरैले बताए । नवगठित कार्यसमितिको उपाध्यक्ष महेन्द्रनाथ साह तेली, कोषाध्यक्ष चन्दनकुमार महतो, सचिव चन्द्रमोहन दास र सहसचिव सुमेशकुमार साहलगायत सदस्यहरू छन् ।

मञ्चका नारायणी संयोजक नन्दकिशोर गोयलको अध्यक्षतामा भएको भेलामा केन्द्रीय सदस्य राजाराम साह, उपाध्यक्ष कमल घिमिरे, सचिव मकबुल मियाँ, बारा जिल्ला अध्यक्ष पुरुषोत्तलाल श्रेष्ठलगायतको सहभागिता थियो ।

## पर्सा र बारामा गाँजाखेती नष्ट

प्रस, वीरगंज, १ पुस/

जिल्ला प्रहरी कार्यालय, पर्सा अन्तर्गतको टोलीले आइतवार ठोरी


तस्वीरः सौजन्य

गाउँपालिकामा लगाइएको ११ कट्ठा गाँजाखेती नष्ट गरेको छ ।

जिप्रका पर्साका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक कुमारविक्रम थापाले इलाका प्रहरी कार्यालय, ठोरी र पटेर्वासुगौलीको टोलीले ठोरी गापा–३ को रामनगर र बृद्धनगर तथा पटेर्वासुगौली गापा–४ र ५ को देउरिया र देकुलीमा अवैध तरीकाले गरिएको करीब ११ कट्ठा गाँजाखेती नष्ट गरिएको बताए । उनले गाँजाखेतीमा संलग्न व्यक्तिहरूको खोजतलाश भइरहेको र कानूनबमोजिम कारबाही हुने बताए ।

यसैगरी बारा प्रहरीले निजगढ नगरपालिकाको विभिन्न स्थानबाट १ बिघा १३ कट्ठामा लगाइएको गाँजा खेती नष्ट गरेको छ ।

जिप्रका बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक ददीराम न्यौपानेले इलाका प्रहरी कार्यालय निजगढको टोलीले आइतवार दिउँसो निजगढ नगरपालिका–११ को रतनपुर, बिजटोला र वडा नं. १३ को डङ्गरपुरबाट १ बिघा १३ कट्ठामा लगाइएको गाँजा खेती नष्ट गरेको छ ।

## १६ जना कन्याको बेलविवाह

प्रस, वीरगंज, १ पुस/

माईस्थान इही समितिको आयोजनामा आइतवार वीरगंजमा सामूहिक बेल विवाह सम्पन्न भएको छ। वीरगंजमा रहेका नेवार समुदायले बेलविवाह कार्यक्रम आयोजना गर्दै आएकामा यस वर्ष १६ जना कन्याको सामूहिक बेल विवाह भएको माईस्थान इही समितिका सल्लाहकार मोहन प्रधानले बताए ।

नेवार समुदायमा कन्याको रजस्वला हुनुपूर्व बेललाई विष्णुको अवतार मानेर कन्या केटीहरूको विवाह गरिने प्रावधान रहिआएको छ । बेलविवाहमा पर्सा र बाराका पाँचदेखि नौ वर्ष उमेरका १६ जना बालिका सहभागी रहेको पण्डित मृगेन्द्रराज शर्मा उपाध्यायले बताए ।

बेल विवाह (इही:)पछि कन्याहरूले अन्य विवाहित महिलासरह पहिरन तथा शृङ्गार गर्न सक्ने नेवार समुदायमा प्रचलन छ । स्वर्णकुमार बेलसँग विवाह गराएर भगवान्को मन्दिरमा प्रवेश गराइसकेकोले इही: गरेका कन्याहरू कहिल्यै पनि विधुवा हुँदैनन् भन्ने नेवार समुदायमा विश्वास र मान्यता छ ।

## व्यापार कर्मचारी सङ्घ पर्सा गठन

प्रस, पर्सागढी, १ पुस/

व्यापार क्षेत्रमा कार्यरत कर्मचारीहरूको हकहित र संरक्षण गर्दै आइरहेको नेपाल व्यापार कर्मचारी सङ्घ पर्सा जिल्ला कार्यसमिति शनिवार वीरगंजमा गठन भएको छ ।

विश्वराज गौतमको अध्यक्षतामा गठित कार्यसमितिको उपाध्यक्ष रुचि सिंह, सचिव अनुज यादव, सहसचिव रानी राय र कोषाध्यक्ष बिलकुमार कर्णलगायत छन् । गठन प्रक्रिया गणेश गणपतिको प्रमुख आतिथ्यमा भएको र नवीन सिंह, लेखनाथ गैरेलगायतको सहभागिता थियो ।

## लायन्स मार्गको उद्घाटन

प्रस, वीरगंज, १ पुस/

वीरगंज महानगरपालिकाका प्रमुख


तस्वीरः प्रतीक

राजेशमान सिंहले आइतवार लायन्स मार्गको उद्घाटन गरेका छन् ।

लायन्स क्लब अफ वीरगंजको स्वर्ण जयन्तीको अवसरमा वीरगंज महानगर–४ पुरानो महावीर राइस मिल सडकलाई आजदेखि लायन्स मार्ग नामाकरण गरिएको हो ।

कार्यक्रममा लायन्सका डिएन अग्रवाल, रमेश अग्रवाल, डा आरपी खेतान, बासु तिमिल्सना, आरवि पाण्डे, मनोहर टिवडेवाल, वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनील अग्रवाललगायतको सहभागिता रहेको लायन्सका राधेश्याम खेतानले बताए ।

कार्यक्रम लायन्स क्लब अफ वीरगंजका पप्पु श्रीवास्तवको अध्यक्षतामा भएको थियो ।




**यात्रालाई सुरक्षित बनाऔं**

- सवारी चढ्दा र ओर्लदा अरुलाई नधकेलौं, लाइनमा बसेर चढ्ने ओर्लने गरौं,
- सवारीसाधनबाट शरीरका अङ्ग बाहिर ननिकालौं,
- चालकलाई तिव्र गतिमा सवारी चलाउन नउक्साऔं,
- सवारीसाधनमा सभ्य व्यवहार देखाऔं,
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
- चालकलाई सवारीसञ्चालनमा कुनै प्रकारको अवरोध नगरौं,
- मादक पदार्थ सेवन गरेका चालकलाई सवारीसाधन चलाउन नदिऔं ।

सुरक्षित होऔं, सुरक्षित यात्रा गरौं सकुशल गन्तव्यमा पुगौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड